आपसी सहयोग र सामूहिक हितका लागि सहकारी

दर्ता नं. ९/३९२/०५०/५१

पान नं. ३०३४२१०४१

# ३१ औं वार्षिक साधारण सभा

५ पौष २०८२, शनिबार

# वार्षिक प्रतिवेदन २०८१/८२

# सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

दूरदृष्टि: समृद्ध सदस्य उत्कृष्ट सहकारी

International Year of Cooperatives

Cooperatives Build a Better World

2nd UN International Year of Cooperatives

Cooperating for a better world:

*Advancing decent work and sustainability in and through cooperatives*

दर्ता नं.: ९/३९२/२०५०/५१ पान नं.: ३०३४२१०४१

# सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.
## Samuhik Bikas Saving And Credit Cooperative Society Ltd.
तिलोत्तमा-३, शंकरनगर रुपन्देही

च.नं.: ७५
पत्र संख्या: २०८२/८३ मिति: २०८२।०७।२७

आदरणीय शेयर सदस्य महानुभावहरू,

**विषय: ३१ औं वार्षिक साधारण सभामा उपस्थिति बारे ।**

प्रस्तुत विषयमा संस्थाको मिति २०८२ साल कार्तिक १८ गतेको ५८६ औं बैठकको निर्णयअनुसार संस्थाको ३१ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएको व्यहोरा सहर्ष जानकारी गराउँदै सम्पूर्ण शेयर सदस्यज्यूहरुको अनिवार्य उपस्थितिका लागि सादर अनुरोध गर्दछौं ।

**कार्यक्रम विवरण**

मिति: २०८२ साल पौष ५ गते शनिवार
समय: बिहान १०:३० बजेदेखि ५ बजेसम्म

**स्थान**

संस्थाको आफ्नै जग्गा, (संस्थाको मुख्य कार्यालय भएको स्थानभन्दा करिब २०० मिटर पश्चिम)
तिलोत्तमा ३, शंकरनगर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल ।

**छलफलका विषयहरू**

१) सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
२) संस्थाका सचिवको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।
३) आ.व. २०८२/८३ र आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम एवं आ.व. २०८३/८४ को वार्षिक बजेट सहितको कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।
४) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।
५) आ.व. २०८१/८२ को वाह्य लेखा परीक्षण प्रतिवेदन प्रस्तुत, छलफल र अनुमोदन सम्बन्धमा ।
६) आ.व. २०८२/८३ को लागि आन्तरिक र वाह्य लेखापरीक्षक नियुक्ति र पारिश्रमिक तोक्ने सम्वन्धमा ।
७) संस्थाको आ.व. २०८२/८३ को पुरक बजेट स्वीकृत सम्बन्धमा ।
८) संस्थाको विनियम, कार्यविधि पुनर्लेखन तथा संशोधन सम्बन्धमा ।
९) शेयर लाभांश र कारोवारका आधारमा संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
१०) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि सम्बन्धमा ।
११) संस्था एकीकरण सम्बन्धमा ।
१२) निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१३) विविध ।

**पुनश्च:**

१) साधारण सभामा आफ्ना प्रस्तावहरु समाविष्ट गर्न वा प्रस्तावित कार्यसूचीमा नपरेको विषयमा छलफलमा भाग लिन चाहने सदस्यहरुले साधारण सभा सुरु हुनुभन्दा २४ घण्टाअगावै संस्थामा उपस्थित भई नाम टिपाई छलफलमा भाग लिन सकिने छ ।

.................
**मिनप्रसाद पोखेल**
**सचिव**

Website: www.samuhiksaccos.com
E-mail: samuhiksaccos@gmail.com
ccds.shankarnagar2050@yahoo.com

दर्ता नं.: ९(३९२)/२०५०/५१
पान नं.: ३०३४२१०४१

आपसी सहयोग र सामूहिक हितका लागि सहकारी

# सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.
# Samuhik Bikas Saving And Credit Cooperative Society Ltd.

तिलोत्तमा-३, शंकरनगर रुपन्देही, नेपाल, फोन नं.: ०७१-४१४३११, ४१४२८४

च.नं. ८३।२०८२।८३ मिति: २०८२।०८।११

**सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को**
**निर्वाचन कार्यक्रम प्रकाशन सम्बन्धी जरुरी सूचना।**

**यस संस्थाको आगामी २०८२ साल पौष ५ गते सम्पन्न हुने साधारण सभा तथा निर्वाचन कार्यक्रमका लागि संस्थाको पुनलिखित निर्वाचन कार्यविधिमा रहेको व्यवस्था अनुसार अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ र सदस्य ५ गरी ९ सदस्यीय सञ्चालक समिति र १ जना संयोजक सहित ३ सदस्यीय लेखा सुपरीवेक्षण समितिको निर्वाचनका लागि देहायबमोजिम निर्वाचन कार्यक्रम हुने गरी**
**(कार्यविधिको दफा ४(क) संग सम्बन्धित)**

| क्र.सं. | निर्वाचन कार्यक्रम | मिति | समय | कैफियत |
|---|---|---|---|---|
| १ | मतदाता नामावली प्रकाशन | २०८२ मंसिर १४ | बिहान ११ बजेदेखि | |
| २ | मतदाता नामावलीमा दावी विरोध र नाम संशोधन | २०८२ मंसिर १५ | दिउँसो ३ बजेसम्म | |
| ३ | अन्तिम नामावली प्रकाशन | २०८२ मंसिर १६ | बिहान ११ बजेदेखि | |
| ४ | उम्मेदवारको मनोनयन पत्र दाखिला | २०८२ मंसिर २१ | बिहान ११ बजेदेखि<br>दिउँसो २ बजेसम्म | |
| ५ | मनोनयन पत्रमा छानविन | २०८२ मंसिर २१ | दिउँसो ३ बजेसम्म | |
| ६ | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०८२ मंसिर २१ | दिउँसो ४ बजे | |
| ७ | उम्मेदवारको मनोनयन पत्र दाखिला | २०८२ मंसिर २१ | बिहान ११ बजेदेखि<br>दिउँसो २ बजेसम्म | यथावत |
| ८ | मनोनयन पत्रमा छानबिन | २०८२ मंसिर २१ | दिउँसो ३ बजेसम्म | यथावत |
| ९ | उम्मेदवारको प्रथम नामावली प्रकाशन | २०८२ मंसिर २१ | दिउँसो ४ बजे | |
| १० | दावी विरोध | २०८२ मंसिर २२ | दिउँसो ३ बजेसम्म | |
| ११ | उम्मेदवारको नामावली प्रकाशन | २०८२ मंसिर २२ | दिउँसो २ बजेसम्म | |
| १२ | उम्मेदवारको नामावली फिर्ता | २०८२ मंसिर २५ | दिउँसो ३ बजेसम्म | |
| १३ | उम्मेदवार अन्तिम नामावली प्रकाशन | २०८२ मंसिर २५ | दिउँसो ३ बजेसम्म | |
| १४ | प्रचार प्रसार | २०८२ मंसिर २६ गतेदेखि<br>२०८२ पुस ३ गतेसम्म | बिहान ८ बजेदेखि<br>साफ ५ बजेसम्म | |
| १५ | मतदान प्रारम्भ | २०८२ पुस ५ | बिहान ८ बजेदेखि<br>साँझ ४ बजेसम्म | |
| १६ | निर्वाचन परिणामको घोषणा | | मतदान पश्चात | |
| १७ | निर्वाचित सदस्यहरुलाई प्रमाणपत्र वितरण | | मतगणना पश्चात | |

**नोट: निर्वाचन कार्यक्रम हेरफेर गर्न सक्ने अधिकार निर्वाचन उपसमितिमा निहित रहने छ।**

**खुमकान्त पौडेल**
सदस्य
निर्वाचन उपसमिति

**डा. दामोदर भुसाल**
सदस्य
निर्वाचन उपसमिति

**चूडामणि खरेल**
संयोजक
निर्वाचन उपसमिति

सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.

# विषय सूची


| क्र.सं. | शीर्षक | पेज नं. |
|---|---|---|
| १ | संस्था सम्बन्धी सङ्क्षिप्त परिचयः | ५-७ |
| २ | सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन | ८-११ |
| ३ | सञ्चालक समितिको तर्फबाट संस्थाका सचिवद्वारा प्रस्तुत प्रतिवेदन | १२-१८ |
| ४ | सञ्चालक समितिको तर्फबाट संस्थाका कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन | १९-३१ |
| | आ.व. २०८३/०८४ का लागि प्रस्तावित नीति तथा कार्यक्रमहरू | |
| ५ | लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदनः | ३२-३७ |
| ६ | लेखापरीक्षकको प्रतिवेदनः आ.व. २०८१/०८२ | ३८-३९ |
| ७ | लामो फारम लेखापरीक्षण प्रतिवेदन (LFAR): | ४०-४१ |
| ८ | वित्तीय विवरण तथा अनुसूचीहरू लेखा सम्बन्धी नीति तथा टिप्पणीहरू आ.व. २०८१/८२ | ४२-६३ |
| ९ | टिपोटका लागि नोट | ६४ |
| १० | संस्थागत प्रगति विवरण (चार्टमा) | |
| ११ | संस्थागत कार्यक्रमका केही झलकहरू | |

# हार्दिक श्रद्धाञ्जली

संस्थाको गत ३० औं वार्षिक साधारण सभादेखि हालसम्म तपसिल बमोजिमका आदरणीय शेयर सदस्यहरुलाई हामीमाझबाट गुमाउन पुगेका छौं । संस्थाको विकास र उन्नयनमा उहाँहरूले पुऱ्याउनुभएको योगदानको उच्च मूल्यांकन गर्दछौं । संस्थाको गरिमामय ३१ औं वार्षिक साधारण सभाको अवसरमा दिवंगत आदरणीय शेयर सदस्यहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

१) भानु प्रसाद घिमिरे – तिलोत्तमा ४
२) दुर्गा पौडेल – बुटवल ९
३) बल बहादुर रायमाझी – तिलोत्तमा ८
४) टिका बहादुर खड्का – तिलोत्तमा १
५) देवकीनन्दन उपाध्याय – तिलोत्तमा १
६) सरस्वती देवी पराजुली – तिलोत्तमा ५
७) खिमबहादुर थापा – सैनामैना ६
८) सरोज पाण्डे – तिलोत्तमा ३
९) हृदयकुमार मल्ल – तिलोत्तमा ४
१०) लक्ष्मी शर्मा भण्डारी (पाण्डे) – तिलोत्तमा १
११) खेमराज पाठक – तिलोत्तमा २
१२) ईश्वरी भण्डारी – तिलोत्तमा ६
१३) दिया भुसाल – बुटवल ११
१४) गोपालबहादुर क्षेत्री – तिलोत्तमा १
१५) कृष्ण ब. सुनार लाम्गादे – तिलोत्तमा १
१६) बासुदेव ज्ञवाली – तिलोत्तमा २
१७) भिमलाल पाण्डे – तिलोत्तमा ३
१८) भिम बहादुर पौडेल – तिलोत्तमा २
१९) रुद्र बहादुर बस्नेत – तिलोत्तमा ४
२०) पोषकान्त पाण्डे – तिलोत्तमा ६
२१) मेनुका कुमाल – तिलोत्तमा ६
२२) टंक प्रसाद शर्मा – तिलोत्तमा ६
२३) देउरुपा थापा – तिलोत्तमा ३
२४) पुतली पौडेल – तिलोत्तमा ३
२५) दयालक्ष्मी श्रेष्ठ – तिलोत्तमा ३
२६) यमबहादुर क्षेत्री – तिलोत्तमा ३
२७) चर्तुभुज पन्थी – तिलोत्तमा ३
२८) शिवकुमारी थापा राना – तिलोत्तमा ६
२९) कमला फुल्लेल – तिलोत्तमा ३
३०) कर्ण वहादुर के.सी – देवदह ७
३१) तुलसा भुर्तेल – तिलोत्तमा ४

**मिनप्रसाद पोखेल**
सचिव

**सुरेन्द्र कुमार वर्मा**
अध्यक्ष

**सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

# संस्था सम्बन्धी सङ्क्षिप्त परिचयः

**क) पृष्ठभूमिः**

२०५० साल माघ १७ मा जम्मा २०० जना सदस्यबाट कारोबार सुरु गरी दर्ता प्रक्रियामा २६ जना शेयर सदस्य र रु २,६०० शेयर पुँजी सङ्कलन गरी सुरू भएको यो सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. ३२ वर्षको दौरानमा २०८२ आषाढ मसान्तसम्ममा संस्थामा १२,३५० जना शेयर सदस्य पुगेका छन् । शेयर पुँजी रु ३२ करोड २८ लाख ४० हजार ८ सय मात्र, शेयरधनीहरूको जम्मा निक्षेप रु २ अर्ब ७० करोड १३ लाख ६८ हजार ६ सय ४४ रुपैयाँ र २५ पैसा मात्र र लगानीमा रहिरहेको कर्जा रु २ अर्ब ५५ करोड ८१ लाख ६६ हजार ७ सय ८९ रुपैयाँ र ४४ पैसा मात्र रहेको छ । संस्थाको जगेडा कोषमा २७ करोड ३१ लाख ९३ हजार ६ सय ८८ रुपैयाँ मात्र र अन्य कोषहरूमा रहेको रकम रु १७ करोड ५१ लाख ११ हजार ६ सय ९९ रुपैया र ८२ पैसा मात्र गरी जम्मा रकम रु ४४ करोड ८३ लाख ५ हजार ३ सय ८८ रुपैया र २७ पैसा मात्र रहेको छ । रुपन्देही जिल्ला कार्यक्षेत्र रहेको यस सहकारीले आफ्नै सुविधा सम्पन्न भवनबाट तिलोत्तमा नगरपालिका वार्ड नं. ३, शंकरनगरमा मुख्य कार्यालयबाट र तिलोत्तमा ७, भलवारी, शुद्धोदन गाउँपालिका वार्ड नं. ४ फर्साटिकर र बुटवल उपमहानगरपालिका वार्ड नं. ८ शुक्रपथमा गरी ३ वटा सेवा केन्द्रवाट सेवाकेन्द्र सञ्चालन गरी सदस्यसँग कारोवार गर्दै आएको छ । सहकारीहरू केवल घरायसी गर्जो टार्ने काममा मात्र सीमित रहेको अवस्थामा यस संस्थाले सदस्यलाई व्यावसायिक रुपमा कारोवार गर्न प्रोत्साहन गर्दै आएको छ । हिजो सीमित मात्रामा कर्जा प्रवाह गर्दै आएको यस सहकारीले सदस्यलाई व्यावसायिक उद्देश्यमा रू. १ करोड कर्जा र एकाघर परिवारभित्र अधिकतम रु १ करोड ५० लाख सम्मको कर्जा प्रवाह गर्ने गरेको छ । वित्तीय संस्थाको व्यापकताको साथै सहकारी संस्थाहरू समेत पर्याप्त भएको कारणबाट फरक पहिचान बनाउन गाह्रो हुनु स्वाभाविक छ । तर पनि जिल्लामा कारोवार गर्ने अन्य सहकारी संस्थाहरूभन्दा फरक रुपमा सञ्चालन गर्नसक्नु नै यसको एउटा महत्वपूर्ण पाटो छ । सहकारी विभागका पटक पटकका निर्देशन, मापदण्ड, नीति नियमको पूर्ण पालनामा प्रतिबद्ध रही कारोवार अगाडि बढाउने, अस्पष्ट र सहकारीलाई कारोवारका लागि असहज बनाउने खालका नीति नियमका बारेमा सम्बन्धित निकायसँग बहस पैरवी गर्ने कार्यमा पनि संस्था सधैं अगाडि रहेको छ ।

**(ख) संस्थामा शेयर सदस्यको अवस्थाः**

हाल यो सहकारीमा कार्यालय अनुसार तपसिल अनुसारका सदस्य रहेका छन्,

| विवरण | संख्या |
|---|---|
| मुख्य कार्यालय | १००१० |
| भलवारी सेवा केन्द्र | ९९४ |
| फर्साटिकर सेवा केन्द्र | ८७१ |
| बुटवल सेवा केन्द्र | ४७५ |
| जम्मा | १२,३५० |

**ग) पुरस्कार तथा सम्मानः**

संस्थाले २०६४ सालमा डिभिजन सहकारी कार्यालय रुपन्देहीबाट जिल्लामै उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत भएको सर्वविदितै छ । त्यसैगरी २०६७ सालमा राष्ट्रिय सहकारी बैंकबाट पश्चिमाञ्चल क्षेत्रमै उत्कृष्ट बचत तथा ऋण सहकारीको रुपमा पुरस्कृत भएको थियो भने २०६९ सालमा डिभिजन सहकारी कार्यालय रुपन्देहीबाट जिल्लाको उत्कृष्ट अध्यक्षको रुपमा तत्कालिन संस्थाका अध्यक्ष श्री चुडामणि खरेलज्यू सम्मानित हुनु भएको थियो । २०७० सालमा राष्ट्रिय सहकारी महासंघले नेपालमै उत्कृष्ट सहकारीको रुपमा छनोट गर्दै उत्कृष्ट

सहकारी व्यवसाय पुरस्कार २०७० बाट सम्मानित गरेको थियो । राष्ट्रिय सहकारी बैंकले प्रदेश नं. ५ को उत्कृष्ट सहकारी २०७३ बाट पनि यस संस्थालाई सम्मानित गरेको छ । अन्तर्राष्ट्रिय सहकारी दिवसको अवसरमा २०७६ सालमा पुनः राष्ट्रिय सहकारी महासंघबाट प्रदेश नं. ५ मा उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०७५ बाट यो संस्था सम्मानित भएको छ । यसै गरी २०७६ सालमा नेफ्स्कुनबाट प्रदेश नं. ५ मा उत्कृष्ट सहकारी संस्थाको रूपमा र २०८०/८१ मा उत्कृष्ट सहकारीको रुपमा राष्ट्रिय सहकारी बैंकबाट पुरस्कृत भएको थियो । हालै यस संस्थाका नेफ्स्कुनद्वारा नेपालकै उत्कृष्ट व्यवस्थापक पुरस्कार २०८२ बाट संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री देवराज ज्ञवाली ज्यू सम्मानित हुनु भएको छ ।

**घ) प्रोवेशन ब्राण्ड प्राप्त तथा एक्सेस ब्राण्डमा सहभागिताः**

हाम्रो यो संस्था २०७३ सालबाट गुणस्तरीय वित्तीय सेवाका लागि पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेशन) मा सहभागी भई नेफ्स्कुन र सहकारी विभागबाट २०७६ सालमा पहिलो पटक र २०७७ सालमा समेत गरी दोस्रो पटक प्रोवेशन ब्राण्ड प्राप्त गर्न सफल भएको छ। संस्था हाल एसियाली स्तरको गुणस्तर मापदण्ड अन्तर्गत एक्सेस ब्राण्ड कार्यक्रममा समेत सहभागी भएको छ ।

**ङ) संस्थाको भौतिक संरचनाः**

संस्थाको तिलोत्तमा नगरपालिका वार्ड नं. ३ शंकरनगरमा आफ्नै सुविधासम्पन्न ३ तले पक्की भवन रहेको छ। यसैगरी सुविधा सम्पन्न सेवा केन्द्रहरु सञ्चालित छन्। यसका साथै संस्थाले संस्थागत बहुउद्देश्यीय प्रयोजनका लागि तिलोत्तमा नगरपालिका वडा नं. ३ मा श्रेस्ताअनुसार ०-७-१८-० जग्गा खरिद गरेको छ।

**(च) संस्थागत कार्यक्रमहरूका सन्दर्भमा**

**१) बचत कार्यक्रमः**

संस्थाले सदस्यहरूका लागि नियमित बचत, विशेष बचत, जेष्ठ सदस्य बचत, बाल बचत, चेलिबेटी बचत, आवधिक बचत र पेन्सन बचत कार्यक्रम सञ्चालन गरेको छ ।

**२) ऋण सुविधाः**

संस्थाको विनियमले निर्दिष्ट गरेका उद्देश्य अनुरुप सदस्यहरूको आर्थिक तथा सामाजिक जीवनस्तर उकास्नका निम्ति निर्वाहमुखी र उत्पादनमुखी २ खालका कर्जा प्रवाह गर्ने गरेको छ । निर्वाहमुखी अन्तर्गत निक्षेप कर्जा भैपरी कर्जा, सामाजिक कर्जा, जग्गा तथा आवास कर्जा, मोटरसाइकल कर्जा, औषधि उपचार कर्जा लगायतका सुविधा उपलब्ध गराउने गरेको छ भने उत्पादनमुखी अन्तर्गत व्यावसायिक, उद्योग, लघु उद्यम व्यवसाय, कृषि आदिमा समेत कर्जा प्रवाह गर्ने गरेको छ।

**३) सदस्य शोक अनुदानः**

संस्थाले सदस्यहरूको निधनमा किरिया खर्च वापत रु ५१ हजार शोक अनुदान उपलब्ध गराउने गरेको छ । यसका लागि संस्थाले सामुदायिक विकास कोषको व्यवस्था गरेको छ। सो कोषलाई मजवुत बनाउन प्रत्येक वर्षको खुद बचत (मुनाफाबाट कर रकमको व्यवस्था गरेपश्चात जगेडा कोष, संरक्षित पुँजी कोष र सहकारी प्रवर्धन कोषमा छुट्याइए पश्चात्) को १० प्रतिशत अंश छुट्टाउने गरिएको छ ।

**४) पारिवारिक शोक अनुदानः**

संस्थाले सदस्यहरूको परिवारको निधनमा रु ५ हजार पारिवारिक शोक अनुदान उपलब्ध गराउने गरेको छ । परिवार भन्नाले पुरुष शेयर सदस्यको हकमा शेयर सदस्यको वाबु, आमा र श्रीमती एवं महिला शेयर सदस्यको हकमा विवाहित भएमा सासू, ससुरा र श्रीमान्को निधनमा एवं अविवाहित भएमा बाबु र आमाको निधनमा पारिवारिक शोक अनुदान उपलब्ध गराउने गरिएको छ । यसका लागि संस्थाले सामुदायिक विकास कोषको रकम परिचालन गर्ने गरेको छ । पारिवारिक शोक अनुदान एउटै व्यक्तिको निधनमा १ भन्दा बढी सदस्यले माग गरेमा सोही रकमलाई दामासाहीले वितरण गर्ने गरिएको छ ।

**५) दुर्घटना मृत्यु विमाः**

संस्थाले सम्पूर्ण सदस्यहरूको रु २ लाख बराबरको दुर्घटना मृत्यु विमा गर्ने गरेको छ ।

### ६) सदस्य लाभ योजनाः

संस्थाबाट यस संस्थामा सदस्यता लिएको निरन्तर २० वर्ष वा सोभन्दा बढी समय भएमा नियमित बचत रकममा १० प्रतिशत रकम थप गरी प्रदान गरिनेछ। यसरी प्रदान गरिने लाभ योजनाको रकम अधिकतम तिस हजारभन्दा बढी हुने छैन। संस्थाले यो योजनाको सफल कार्यान्वयनका लागि सदस्य कल्याण कोषको समेत व्यवस्था गरेको छ।

### (७) नवजात शिशु स्वागत कार्यक्रमः

गत आ. व. २०७८/०७९ बाट नवजात शिशु स्वागत कार्यक्रम अर्न्तगत सुत्केरी महिला शेयर सदस्यहरूलाई नाबालक बच्चाको खाता खोल्दा रु २००० उपलब्ध गराउने गरिएको छ। सो प्राप्त गर्नका लागि सदस्यले सम्वन्धित बच्चाको ६ महिनाभित्रमा संस्थामा नावालक बचत खाता सञ्चालन गरेको हुनुपर्नेछ। संस्थाले यो प्रयोजनको लागि सामुदायिक सेवा कोषको रकम परिचालन गरेको छ।

### ८) शेयर सदस्यको परिवारमा छात्रवृत्ति कार्यक्रमः

संस्थाले संशोधित नीति अनुसार पुरस्कार तथा सम्मान कार्यक्रमहरूमध्ये कक्षा १२ मा उत्कृष्ट अङ्क ल्याई विज्ञान, व्यवस्थापन, शिक्षा, मानविकी र कानुन सङ्कायबाट उत्तीर्ण शेयर सदस्यका छोरा छोरीमध्येबाट एक-एक जनालाई जनही रु.१०,०००।- का दरले ५ जनालाई र विपन्न शेयर सदस्यका छोराछोरीमध्ये उत्कृष्ट ३ जनालाई जनही रु. १०,०००/- का दरले सम्बन्धित वडा कार्यालयको सिफारिसमा उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने गरेको छ। यसका लागि सदस्यहरूले संस्थाले जारी गरेको सूचना बमोजिम तोकिएको म्यादभित्रै आवेदन दिनु पर्नेछ।

### ९) नियमित बचतको व्याज फिर्ता

नियमित बचत खातामा रु १ लाखसम्म बचत भएका सदस्यले आफ्नो नियमित बचत खातामा भएको रकमले वार्षिक रुपमा प्राप्त गरेको व्याज, सदस्यले चाहेमा श्रावण १ देखि कार्तिक मसान्तभित्रमा निकाल्न सक्ने गरी व्यवस्था मिलाइएको छ। यसका लागि सदस्यले नियमित रुपमा बचत गर्दै आएको हुनुपर्नेछ।

### १०) नियमित बचत फिर्ता योजना

यस संस्थाका सदस्यहरूले आफ्नो नियमित बचतमा रु २ लाख ५० हजारभन्दा बढी भएका शेयर सदस्यले आफ्नो शेयर रकमको २.५ गुणा वा नियमित बचत रु २ लाखमध्ये जुन वढी हुन्छ सो रकम नियमित बचतमा रहने गरी सोभन्दा माथिको रकम ऋण हिसावमा मिलान गर्ने वा फिर्ता लिन सक्नेछन्। यसरी फिर्ता लिँदा संस्थामा तिर्नुपर्ने व्याज तथा किस्ता रकम बाँकी नभएको हुनुपर्नेछ। नियमित बचतमा रहेको रकम एकपटक निकालिसकेपछि पुनः अर्को ५ वर्ष रकम झिक्न नपाइने गरी नीतिगत व्यवस्था गरिएको छ।

### ११) विविधः

अ) औषधी उपचार कर्जा सुविधाः संस्थाले आफ्ना सदस्यलाई दीर्घरोगको उपचारका निम्ति विनाव्याजमा १ वर्षको लागि यो कर्जा प्रदान गर्ने गरेको छ। यो कर्जाको सीमा रु. १ लाख निर्धारण गरिएको छ वा अनुदानको रुपमा रु १० हजार प्रदान गर्ने गरिएको छ।

आ) प्रविधिमैत्री सेवाहरूः संस्थाले सदस्यहरूको सुविधाका लागि आधुनिक बैंकिङ्ग सेवा अन्तर्गत ए.टि.एम, मोबाइल बैंकिङ्ग, मिस्कल बैंकिङ्ग, एस. एम. एस. बैंकिङ्ग क्युआर कोड लगायतका सेवाहरू सञ्चालनमा ल्याएको छ। यो सुविधा प्राप्तिका लागि सदस्यहरूले संस्थामा सम्पर्क गरी लिन सक्नुहुनेछ।

इ) शिक्षा तथा तालिमः संस्थाले सदस्यहरूलाई आधारभूत सहकारी सम्बन्धी शिक्षा लगायत विभिन्न लघु उद्यम व्यवसाय संचालनका लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्ने गरेको छ। संस्थाले यसका लागि शिक्षा तथा तालिम उपसमिति गठन गरेको छ। यसका साथै महिला सदस्यहरूको सशक्तीकरण र आर्थिक जीवनस्तर विकासका लागि छुट्टै महिला सशक्तीकरण उपसमिति गठन गरेको छ। उपसमितिले विभिन्न हस्तकला सम्बन्धी सामग्रीहरू बनाउने तालिम, बुटिक, कुसन बनाउने, च्याउ बनाउने साथै नेतृत्व विकासका लागि उद्घोषण तालिम लगायत उपलब्ध गराउने गरेको छ।

ई) सदस्यहरूलाई पुरस्कार तथा सम्मानः संस्थाले स्थापना दिवसको अवसरमा प्रत्येक वर्ष माघ १७ गते मा उत्कृष्ट कारोवार गर्ने सदस्यहरूलाई सम्मान गर्ने गरेको छ। संस्थाले उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋणी, उत्कृष्ट व्यवसायी र उत्कृष्ट महिला उद्यमी गरी विभिन्न विधामा गरी प्रत्येक वर्ष कारोवारको आधारमा छनोट गरी पुरस्कृत तथा सम्मान गर्ने गरेको छ।

# संस्थाको ३१ औं वार्षिक साधारण सभामा सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. संस्थाका अध्यक्ष सुरेन्द्र कुमार वर्माद्वारा प्रस्तुत सङ्क्षिप्त प्रतिवेदन

आदरणीय शेयरसदस्य महानुभावहरू, सल्लाहकारज्यूहरू, सञ्चालक समितिका सचिव, कोषाध्यक्ष तथा सम्पूर्ण सञ्चालक सदस्यज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू, पत्रकार मित्रहरू, संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यू एवं सम्पूर्ण कर्मचारी मित्रहरूका साथै संस्थाको ३१ औँ साधारण सभा तथा निर्वाचन कार्यक्रममा पाल्नुहुने सम्पूर्ण शेयरसदस्य महानुभावहरूमा यस संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

तिन दशकअघि हाम्रा अग्रजहरूले आर्थिक कारोबारमा आइपर्ने समस्यामा गर्जो टार्न सकियोस् भन्ने अभिप्रायले शुरूमा २०० जनाको अग्रसरतामा समुदायमा गठित यस सहकारीले स्थापनाको ३२ औँ वसन्त पार गरिसकेको छ । सानो समूहबाट शुरू भएको यो संस्थामा अहिले १२००० भन्दा बढी सदस्यहरूले संस्थासँग हातेमालो गर्दै ढुक्कसँग वित्तीय कारोबार गरी भविष्यको आर्थिक जोहो गर्न र रोजगारीका अवसर सिर्जना गर्ने जस्तो महत्वपूर्ण कार्य गर्दै आत्मनिर्भर भइरहनुभएको छ ।

नेपालको संविधान २०७२ ले सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई ३ खम्बाको रूपमा स्वीकार गरी सहकारीको भूमिकालाई संस्थागत गरेको छ। करिब ६ दशक लामो इतिहास बोकेको यो अभियान आज मुलुकको अर्थतन्त्रको एक सशक्त आधारस्तम्भ बनेको छ ।

नेपालको सहकारी अभियानको वर्तमान परिदृष्य (२०८१/०८२) को सन्दर्भमा अध्ययन गर्दा तथ्याङ्कले देखाएअनुसार नेपालको सहकारी क्षेत्रको फैलावट निकै ठुलो रहेको छ । नेपालमा ३० हजारभन्दा बढी विभिन्न प्रकृतिका सहकारीहरू रहेको, करिव ७३ लाखभन्दा बढी सदस्यहरू सहकारीमा संलग्न रहेको र ६ खर्बभन्दा बढी कुल पुँजी रहेको तथ्याङ्कले देखाएको छ। यसै गरी सहकारी सदस्यहरूले कुल ग्राहस्थ उत्पादनमा पुऱ्याएको योगदानको हिस्सा करिब ३ प्रतिशतभन्दा बढी रहेको छ भने वित्तिय क्षेत्रमा सहकारीको योगदान हेर्ने हो भने पनि करिब १५ प्रतिशतको योगदान रहेको छ ।

नेपालमा सहकारीको क्षेत्रमा महिलाहरूको सहभागिता ५० प्रतिशतभन्दा बढी रहेको छ भने नेतृत्वमा समेत महिलाहरूको प्रतिनिधित्व उल्लेखनीय रहेको पाईन्छ । यसमा पनि महिलाहरूबाट मात्रै सञ्चालित सहकारीहरू पनि उल्लेख्य मात्रामा रहेका छन् ।

## आदरणीय शेयर सदस्य महानुभावहरू

विगत केही वर्षदेखि सहकारी क्षेत्र वित्तीय जोखिम र विश्वासको संकटको गम्भीर मोडमा उभिएको छ । केही सहकारी संस्थाहरूमा सञ्चालकहरूको गलत मनसाय र वित्तीय अपचलनका घटनाहरूका कारण सहकारी संस्थाहरूको विश्वासमा संकट उत्पन्न भएको हो । प्रचलित ऐन कानुन विपरीत बचत संकलन गर्ने, कर्जा/ऋण प्रवाह गर्ने, व्यक्तिगत व्यवसायमा सदस्यको बचत परिचालन गर्ने, सदस्यलाई विनाधितो ऋण दिने, कमसल धितो राख्ने, कम्पनीका नाममा ऋण प्रवाह गर्ने, सञ्चालकहरूमा सिमा भन्दा बढी र प्रक्रिया नपुऱ्याई ऋण प्रवाह

गर्ने र आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएका संस्थाहरूनै समस्याग्रस्त संस्थाको रूपमा देखा परेका छन् । यसका साथै राम्रोसँग सञ्चालन भएका भनिएका केही सहकारी संस्थाहरूमा अनुत्पादक क्षेत्रमा भएको अत्यधिक लगानी, न्युन तरलता, कर्जाको विश्लेषण नगरी प्रवाह गरिएका ऋणको कारणबाट समयमा ऋण असुली नहुँदा समेत समस्या सिर्जना भएको छ । खराब प्रवृत्तिमा सञ्चालित सहकारी संस्थाहरूलाई दण्डित गर्दै नियम पालना गर्दागर्दै विविध कारणबाट समस्यमा परेका सहकारी संस्थाहरूको सञ्चालनमा भएका कठिनाईमा समाधानको पहलकदमी लिन सक्ने हो भने सहकारी क्षेत्र अझै पनि सवल बन्दै सदस्यप्रति उत्तरदायी संस्थाको रूपमा परिचय स्थापित गर्न सक्नेछ ।

प्रचलित ऐन कानुनको अधीनमा रही सुशासन पालना गर्ने कर्जाको विश्लेषण गरी कर्जा प्रवाह गरेका, तोकिए बमोजिमको तरलताको व्यवस्थापन गरेका, जगेडा कोष सवल भएका, नीति विधिअनुसार सञ्चालन भएका अधिकांश सहकारी संस्थाहरूमा सानोतिनो समस्यासँग जुध्न सक्ने क्षमता विकास भएको हुँदा त्यस्ता सहकारी संस्थाहरूमा समस्याहरू पर्ने संभावना अत्यन्तै न्युन रहन्छ ।

नेपालको सहकारी अभियान आज एक महत्वपूर्ण मोडमा छ । यसको विशाल संख्यामा रहेको सदस्यता र पुँजी परिचालनको क्षमता राष्ट्रिय अर्थतन्त्रका लागि ठूलो अवसर हो । तर यसको व्यवस्थापनमा देखिएका कमजोरी, वित्तीय अनुशासनको अभाव र सैद्धान्तिक विचलनले समग्र अभियानलाई खतरामा पारेको छ । यदि हामीले तत्काल प्रभावकारी नीतिगत सुधार, सशक्त नियमन र इमान्दार नेतृत्वको माध्यमबाट सहकारीका मूल्य मान्यता र सिद्धान्तलाई पुनर्स्थापित गर्न सक्यौं भने यसले गरिबी निवारण, समावेशी विकास र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा अझ ठूलो र दिगो योगदान दिन सक्ने छ ।

### आदरणीय शेयर सदस्य महानुभावहरू

२०७६ साल मङ्सिर २८ गते यस संस्थाको २५ औं साधारण सभाबाट अध्यक्षमा निर्वाचित भई यस क्षेत्रमा रहेका सबै प्रकृतिको कारोबार गर्ने सहकारीहरूको बिचमा एकीकरण गरी मिति २०७८ साल माघ ११ गते सम्पन्न एकीकरणपछिको साधारणसभाबाट पुन: अध्यक्ष पदमा निर्वाचित हुँदै गर्दा अवधिको हिसाबले ६ वर्षमात्र रहेता पनि कार्यकालको हिसाबले २ कार्यकाल सम्पन्न भएको छ । करिब ६ वर्ष अध्यक्षको भूमिकामा रहिरहँदा सुशासनको हिसाबले प्रचलित ऐन कानुनहरूको परिपालना लगायतका कार्यहरूलाई निरन्तर रूपमा अगाडि बढाउँदै थप परिस्कृत र दिगो संस्था निर्माणको अभियानलाई निरन्तरता दिँदै देहायबमोजिम कार्यहरू गरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

१. यस संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा प्रथम पटक २०७६ मंसिर २८ मा निर्वाचित हुँदै गर्दा संस्थामा दैनिक कार्य सञ्चालनको जिम्मेवारी समेत सञ्चालक समितिले गर्ने गरेको थियो । सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले सहकारी संस्थाका सञ्चालकहरूलाई संस्थाको कारोबारको दैनिक कार्य सञ्चालनमा सहभागी हुन नदिएको निर्देशन बमोजिम संस्थामा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गरी दैनिक कार्य सञ्चालन गराउँदै आएको व्यहोरा जानकारी गराउँदछु ।
२. संस्थाले लामो समयदेखि संस्थागत प्रयोजनका लागि जग्गा खरिद गर्ने निर्णय गरी कार्यन्वयन प्रक्रियामा विभिन्न समस्या सिर्जना भई खरिद गर्न नसकिएको सन्दर्भमा मेरो नेतृत्वमा निर्वाचित सञ्चालक समितिले

साधारण सभाको निर्णयानुसार हामीले यो ३१ औँ साधारण सभा सञ्चालन गरिरहेको स्थानमा ७ कठ्ठा १८ धुर जग्गा खरिद गरी बाउन्ड्री वालसमेत लगाई सुरक्षित राखिएको छ । भविष्यमा अहिले भएको संस्थाको भवनलाई व्यावसायिक हिसावले बिक्री वितरण गरी नयाँ खरिद गरेको जग्गा रहेको यसै स्थानमा संस्थागत प्रयोजनका लागि अत्याधुनिक प्रविधिमैत्री संरचना निर्माण गर्न उल्लेखित जग्गा फलदायीसिद्ध हुनेछ भन्नेमा विश्वस्त छौँ ।

३. संस्थाले यस जिल्लाभित्र एकै प्रकृतिका सहकारीहरूका बिचमा एकीकरण गर्दै दोहोरो सदस्यताको अन्त्य गर्ने उद्देश्यका साथ यस क्षेत्रमा साझा सबल सहकारी संस्थाको निर्माणको सङ्कल्प लिई २०७८ कार्तिक १४ गते साविक सूर्यकिरण बचत तथा ऋण सहकारी संस्था लि., मणिप्रभा बचत तथा ऋण सहकारी संस्था लि. र द्रव्याञ्जली बचत तथा ऋण सहकारी संस्था लि. सँग एकीकरण प्रक्रिया सम्पन्न गरिएको छ ।

४. सहकारीको मूलभूत उद्देश्य आफ्ना सदस्यहरूलाई आवश्यक विभिन्न तालिमहरू प्रदान गर्ने, संस्थाका गतिविधिहरू जानकारी गराउन तथा सदस्यहरूको सञ्चालकीय सक्रियता वृद्धि गर्नका लागि विस्तारित मञ्चको कार्यक्रम गर्ने तथा यस क्षेत्रमा अवस्थित विभिन्न सहकारी संस्थाहरूका बिचमा असल अभ्यासको बारेमा सिकाइ कार्यशालाको कार्यक्रमहरू सञ्चालन जस्ता कार्यहरूलाई निरन्तरता दिइएको व्यहोरा अवगत गराउन चाहन्छु ।

५. यस संस्थाबाट ४ वर्षे रणनीतिक व्यावसायिक योजनालाई समयानुकूल संशोधन सहित लागू गरिएको छ । व्यावसायिक रणनीतिक योजनालाई आवधिक रूपमा समिक्षा गर्ने कार्यलाई निरन्तरता दिने गरिएको छ ।

६. संस्थाको विनियमलाई प्रचलित ऐन नियमावलीअनुसार विनियम पुनर्लेखन गरिएको तथा नीति तथा कार्यविधिहरूलाई समयानुकूल संशोधन गरी लागू गरिएको छ ।

७. संस्थाले संस्थाको २९ औं वार्षिक साधारणसभाबाट संस्थाका बयोवृद्ध सदस्यहरूलाई सम्मान गर्ने कार्यक्रमको सुरूवात गरिएको छ । यस कार्यक्रमको मुख्य उद्देश्य संस्थाको विकास र विस्तारमा योगदान गर्ने ती तमाम सदस्यहरूको योगदानको कदर स्वरूप सुरू गरिएको यो कार्यक्रमबाट आत्मसन्तुष्टि दिएको महसुस भएको छ ।

८. प्रत्येक वर्ष सामुदायिक सेवाका लागि संस्थाले खर्च गर्ने गरी कम्तीमा २ वटा कार्यक्रम सञ्चालन गर्दै आएकोमा यो कार्यक्रमलाई अझै प्रभावकारी बनाउनुपर्ने देखिन्छ । जसको कम्तिमा पनि दीर्घकालीन महत्व राख्ने खालको कार्यक्रमका लागि सामुदायिक सेवा कोषको रकम परिचालित गरी कार्य गर्नुपर्ने देखिन्छ ।

९. हाम्रो संस्थाको अगुवाईमा संस्थाको साधारण सभालाई अतिथिमुखी नबनाई सदस्यभित्रैबाट सिधै साधारण सभाको कार्यक्रमको कार्यसूचीभित्र प्रवेश गर्ने गरी सञ्चालन गर्ने भनिएकोमा सोहीअनुसार राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा समेत सोही आशयको निर्देशन जारी हुनु सकारात्मक रहेको छ ।

१०. सदस्यहरूलाई यातायात खर्चवापत साधारण सभामा उपस्थितिको आधारमा रू.११७६।५० मा करकट्टी गरी रू.१०००।- उपलब्ध गराउने गरी गत साधारण सभाको निर्णयानुसार यस वर्ष सोही अनुसार खाजा

खर्चको रूपमा वितरण गरिएको छ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार यातायात खर्च वितरण गर्न रोक लगाइएकोमा उल्लेखित यातायात तथा खाजा खर्च रकमलाई आगामी साधारण सभाबाट रू.५००।- (सामान्य खाजा नास्ता) र कर संस्थाले भुक्तानी गर्ने गरी रकम उपलब्ध गराउनका लागि चालु साधारणसभामा प्रस्ताव गरएको छ ।

**शेयर सदस्य महानुभावहरू,**

आजको यस साधारणसभामा संस्थाको साङ्गठनिक प्रतिवेदन संस्थाका सचिव तथा आर्थिक प्रतिवेदन सहित आगामी आ.व. ०८२/०८३ को वार्षिक निति तथा कार्यक्रम तथा बजेट, आ.व. ०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन, चालु आ.व. को पूरक बजेट संस्थाको कोषाध्यक्षबाट पेश हुने छ भने विभिन्न नीतिगत प्रस्तावहरू, आवश्यक कार्यविधिहरू स्वीकृतिका लागि पेश हुने नै छन् । पेश गरिएका सबै विषयका प्रस्तावहरू गहन छलफल गरी स्वीकृत हुने छन भन्नेमा हामी विश्वस्त छौं ।

यस वर्ष निर्वाचनको वर्ष पनि भएको हुँदा सञ्चालक समितिको मिति २०८२/०५/१८को निर्णयअनुसार निर्वाचनकार्य सम्पन्न गर्नका लागि संस्थाका पूर्व अध्यक्ष श्री चुडामणि खरेल ज्यूको संयोजकत्वमा निम्नानुसारको ३ सदस्यीय निर्वाचन उपसमिति गठन गरिएको छ :-

संयोजक : श्री चुडामणि खरेल

सदस्य : श्री डा. दामोदर भुसाल

सदस्य : श्री खुमाकान्त पौडेल (पूर्व महान्यायधिवक्ता)

साथै अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ र ५सदस्यहरू गरी जम्मा ९ सदस्यीय सञ्चालक समिति र संयोजक १ र सदस्य २ गरी जम्मा ३ सदस्यीय लेखा तथा सुपरिवेक्षण समिति, नियमानुसार महिलाको प्रतिनिधित्व सुनिश्चता हुने गरी निर्वाचनकार्य सम्पन्न गर्नुपर्ने निर्णय भएको हुँदा सञ्चालक समितिको यो निर्णयलाई अनुमोदनको लागि गरिमामय साधारणसभामा पेश गर्दछु । साथै निर्वाचन कार्यक्रमलाई व्यवस्थित रूपमा सम्पन्न गर्दै संस्थाको बिकास र बिस्तारका लागि योग्य इमानदार र सक्षम संचालक समिति निर्वाचन गर्न यहाँहरूको भूमिका महत्वपूर्ण हुने हुँदा यसतर्फ यहाँहरूको ध्यान केन्द्रित होस् भनी अनुरोध गर्न चहान्छु ।

अन्त्यमा, यस साधारण सभामा उपस्थित भई साधारण सभा संम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयर सदस्य महानुभावहरू, सिङ्गो सञ्चालक समिति, आदरणीय सल्लाहकारज्यूहरू, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरू, प्रमुख कार्यकारी अधिकृतज्यू वरिष्ठ व्यवस्थापक लगायत सबै कर्तव्यनिष्ठ कर्मचारीप्रति हृदयको गहिराइबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा हुन चाहन्छु ।

जय सहकारी ।

..............................

**सुरेन्द्र कुमार वर्मा**
**अध्यक्ष**

# सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभामा संस्थाका सचिव श्री मिनप्रसाद पोखेलज्यूद्वारा प्रस्तुत प्रतिवेदन

संस्थाको ३१ औं गरिमामय साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, सल्लाहकारज्यूहरु, आमन्त्रित महानुभावहरु, सञ्चालक समितिका कोषाध्यक्ष एवम् सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु, संस्थाका आदरणीय संस्थापक अध्यक्षज्यू, पूर्व अध्यक्षज्यू, पूर्व उपाध्यक्ष एवं सञ्चालकज्यूहरू पूर्व सल्लाहकारज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू लगायत संस्थाका सम्पूर्ण कर्मचारी मित्रहरू, पत्रकारज्यूहरू एवं सस्थाको ३१ औं साधारण सभामा उपस्थित तपाई सम्पूर्ण समादरणीय शेयर सदस्य मानुभावहरू, यहाँहरु सबैमा सिंगो संस्थाको तर्फबाट र म यस संस्थाको सचिव मिनप्रसाद पोखेलको तर्फबाट सप्रेम सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

## समादरणीय शेयर सदस्य महानुभावहरु,

२०५० सालमा करिब २०० जनाको पहलकद्मी र २६ जना शेयर सदस्यको अगुवाईमा शुरु भएको यो सहकारीले आफ्नो स्थापनाको ३१ वर्ष पूरा गरेको छ । तत्कालीन अवस्थामा निम्न मध्यम वर्गको वित्तीय आवश्यकता पूरा गर्ने माध्यम सहकारी नै हुन सक्छ भन्ने कुरालाई आत्मसात् गर्दै अभियानलाई सशक्त रुपमा अगाडि वढाउनुहुने आदरणीय अग्रजहरुमा यो साधारणसभाको अवसरमा हार्दिक आभार प्रकट गर्दछु । जतिखेर संस्था परिकल्पनाको विचारको बिजारोपण भयो त्यतिखेरको अवस्थाका बारेमा एकपटक फर्केर हेर्दा अत्यन्त न्युन बैंक तथा वित्तीय संस्थाहरू जहाँ सर्वसाधारणको पहुँचको कुरा पनि अत्यन्त असहज थियो, साहु महाजनहरू वैंकको अर्को रुपमा गाउँ गाउँमा अवस्थित थिए । उनीहरुको चर्को व्याज, व्याजलाई समेत सावाँमा परिवर्तन गर्दै घर न घाटको बनाउने जुन अवस्थाको बिचबाट यो संस्था निर्माणको परिकल्पना भयो, त्यो परिकल्पना समाज रुपान्तरणको सम्वाहक बन्यो । जहाँ निम्न मध्यम आर्थिक अवस्था भएका व्यक्तिहरूका लागि एउटा वैधानिक संस्था स्थापना भयो सानो सानो बचत जसले न्युन व्याजदरमा ऋण प्रवाह, आफै मालिक, आफै उपभोक्ताको रुपमा व्यक्तिहरुको सहभागिता गरायो । समाजवादी परिकल्पनाको रुपमा सहकारीको स्थापना भयो । जसले गर्दा हजारौं मानिसहरुको वित्तीय आवश्यकता पूरा गर्ने माध्यमको रुपमा सहकारी अभियान अगाडि वढेको छ ।

वि.सं. २०१३ सालमा बखान सहकारी संस्था लि.को स्थापनालाई आधिकारिक रुपमा नेपालमा सहकारीको सुरुवात भएको मानिन्छ । यसलाई आधार मान्दा नेपालमा सहकारी अभियानले ६८ वर्ष पूरा गरेको छ । वि.सं. २०४६ सालको जनआन्दोलनबाट बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको आगमनसँगै सहकारी क्षेत्र स्वायत्तता र स्वतन्त्रताको अभियानबाट अगाडि बढेको हो । वि.सं. २०४६ सालभन्दा अगाडि सहकारीहरु राज्य नियन्त्रित सहकारी संस्थाको रुपमा सञ्चालनमा रहेका थिए । वि.सं. २०४८ सालमा आएको सहकारी ऐन र सहकारी नियमावली २०४९ ले सहकारीका अन्तरर्राष्ट्रिय सिद्धान्तहरुलाई आत्मसात गरेपश्चात नेपालमा सहकारी अभियान तीव्र रुपमा अगाडी वढेको देखिन्छ । सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले पनि सहकारी संस्थाहरुलाई अझ वढी अधिकारसम्पन्न समेत बनाएको अवस्था छ । नेपालमा सहकारी अभियानले ६८ औं वर्ष पुरा गरेको छ। समाजवादी सिद्धान्तको पर्यायवाची वनेको यो सहकारी अभियानले निम्न मध्यम वर्गीय समुदायमा आर्थिक सवलीकरणका लागि खेलेको भूमिका उल्लेखनिय छ । पछिल्लो समय केही सहकारीहरु गलत मनसायबाट सञ्चालन भएका कारण सहकारी क्षेत्र बदमासीको शिकार बनेको छ। सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि विशेष पहलकदमी जरुरी छ र अभियान कर्मिहरू दत्तचित्त भएर लाग्नु पर्ने छ । त्यसैले सहकारीकर्मीहरु आफै पनि यो क्षेत्र सुधार गर्नका लागि खुला तर नियमन र नियन्त्रणको माध्यमबाट गलत क्रियाकलापमाथि लगाम लगाउनुपर्ने बहस गरिरहेका छन् । यसको फलस्वरुप नै सरकारले हालै सहकारी ऐन संशोधनमार्फत नियमन र नियन्त्रणका लागि आवश्यक कदमहरु अगाडि बढाएको छ । यसै सन्दर्भमा बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाहरुको नियमनका लागि राष्ट्रिय सहकारी नियमन

प्राधिकरणको गठन भई प्राधिकरणबाट आवश्यक काम कारवाहि अगाडि बढेको छ । आशा गरौं राम्रो काम गर्ने सहकारीहरुलाई पुरस्कृत गर्दै खराव काम गर्ने सहकारी संस्थाहरुलाई दण्डित गर्ने कार्यमा प्राधिकरणले प्रभावकारी रुपमा आफ्ना कार्यहरु अगाडि बढाउनेछ ।

**समादरणीय शेयर सदस्य महानुभावहरु,**

मर्यादित सहकारी, समुन्नत समाज भन्ने मूल नाराका साथ गत ६८ औं सहकारी दिवस गत चैत्र २० गते मनाईएको छ । संस्थाको मुल ध्येय "समृद्ध सदस्य उत्कृष्ट सहकारी" निर्माणमा सदस्य महानुभावहरूको आर्थिक, सामाजिक, सांस्कृतिक सवलीकरणमा महत्वपूर्ण योगदान गर्नका लागि निरन्तर कार्य गरिरहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। सुशासनयुक्त सहकारी मार्फत समुन्नत समाज निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रको क्षेत्रलाई समेत आत्मसात गदै राष्ट्रको दिगो विकास लक्ष्यमा समेत टेवा पुर्याउनका लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालीन रणनीतिक योजनालाई समय सापेक्ष परिमार्जित र परिस्कृत गर्दै अगाडि बढिरहेको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

**समादरणीय शेयर सदस्य महानुभावहरू,**

यहाँहरुले विगत वर्षहरूमा जस्तै यस वर्षमा पनि संस्थाको उन्नयनका लागि आ-आफ्नो ठाउँबाट र विभिन्न माध्यमबाट निकै नै महत्वपूर्ण सल्लाह तथा सुझावहरु दिई संस्थाको विकास र विस्तारका निम्ति पुऱ्याउनुभएको योगदानलाई आजको यस साधारण सभाको अवसरमा धन्यवाद व्यक्त गर्न चाहन्छु । यसले सदस्यको सक्रिय सहभागिताबाट नै संस्था सवल, सक्षम र परिणाममुखी हुन्छ भन्ने कुरालाई थप स्पष्ट पारेको छ । यहाँहरुका राय, सल्लाह र सुझावहरुले संस्थागत विकासमा पुऱ्यायको योगदानको म मुक्तकण्ठले प्रशंसा गर्न चाहन्छु। संस्था समयक्रम सँगसँगै थप सवलीकरण र सशक्तीकरणमा प्रविधिमैत्री सेवा एवं सहज र सरल पहुँचयुक्त संस्था निर्माणमा समेत विशेष ध्यान पुऱ्याइएको व्यहोरासमेत अवगत गराउन चाहन्छु ।

**समादरणीय शेयर सदस्य महानुभावहरू,**

गत आर्थिक वर्षमा पनि आर्थिक कारोबारका हिसाबले सकारात्मक र उत्साहजनक वर्ष हुन सकेन । बचत तथा ऋणका व्याजदरमा निरन्तर ओरालो लागिरहेको सन्दर्भमा उद्यमशीलता विकास गर्नका लागि उद्यमी सदस्यहरुलाई सकारात्मक ऊर्जा निर्माण गरी लगानीमैत्री वातावरण बनाउन नसक्दा थप लगानिको ढोका खुल्ने देखिएन। समस्या यस क्षेत्रका सुधारका लागि हामी आफैले पनि आ आफ्ना ठाउँबाट भूमिका खेल्नुपर्ने परिस्थिति सिर्जना भएको छ । यो वर्ष पनि व्याजदर घट्ने क्रम निरन्तर रहेको हुँदा सरकारका तर्फबाट उद्यमशीलता विकासका लागि उपयुक्त वातावरण, सकारात्मक धारणा निर्माण हुन सकेको खण्डमा अर्थतन्त्रले छिट्टै पुनरुत्थान भई अर्थतन्त्रको गतिमा सुधार आउने छ भन्नेमा हामी आशावादी हुन सक्नेछौं । जसले सहकारी क्षेत्रमा पनि सकारात्मक संदेश प्रवाह गर्ने छ र हामी पनि आजको अवस्थाबाट सुधारोन्मुख बाटोमा लम्कने छौं भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

समादरणीय शेयर सदस्य महानुभावहरू,
अव म संस्थाका गतिविधिहरू सङ्क्षिप्त रुपमा पेश गर्ने अनुमति चाहन्छु ।

## १) शिक्षा तथा तालिममा सहभागिता

| क्र.स. | तालिमको विवरण | मिति | सहभागीको विवरण | आयोजक | ठेगाना |
|---|---|---|---|---|---|
| १ | सहजरुपमा राम्रो संग संचालन भैरहेका सहकारीहरुको प्रतिनिधिमूलक छलफल | २०८१ साउन १४ देखि १६ | सुरेन्द्र कुमार बर्मा, देवराज ज्ञवाली | सहकारी संस्था बचत तथा रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन समिति | संघिय संसद सचिवालय, काठमाडौं |
| २ | ४ बर्षे रणनैतिक व्यवासायिक योजना छलफल र समीक्षा | २०८१ साउन २२ | | सामुहिक बिकाश साकोस | होटेल टुलिप, तिलोत्तमा-४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | अध्ययन अवलोकन भ्रमण | २०८१ मंसिर १४ देखि १७ | सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार तथा उपसमिति, प्रमुख कार्यकारि अधिकृत, बुद्धिप्रसाद ज्ञवाली, प्रसन्न श्रेष्ठ, चोकलाल भुर्तेल र चन्द्रकान्त पाण्डे, | सामुहिक बिकास साकोस | मेची अञ्चल र चितवन जिल्ला |
| ४ | प्रथम कार्यकुशलता सिकाइ व्यवस्थापन राष्ट्रिय कार्यशाला गोष्ठी | २०८१ मंसिर २० देखि २३ | सुरेन्द्र कुमार बर्मा, देवराज ज्ञवाली | नेफ्स्कुन | होटेल भ्यु भृकुटी, गोदाबरी, ललितपुर |
| ५ | स्वयमसेवकको भूमिका | २०८१ पौष ५ र ६ | गौरव पाण्डे, मिना पाण्डे | नेफ्स्कुन | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, बुटवल |
| ६ | नेफ्स्कुनको ३३ औ साधारण सभा | २०८१ पौष ५ र ६ | देवराज ज्ञवाली | नेफ्स्कुन | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, बुटवल |
| ७ | बार्षिक साधारण सभा | २०८१ पौष २६ | | लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघ लि | बुटवल |
| ८ | बार्षिक साधारण सभा | २०८१ पौष २७ | मिनप्रसाद पोखेल | लुम्बिनी बिशिष्टिकृत सहकारी संघ लि | तिलोत्तमा-६ पश्चीम पहुनी |
| ९ | नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन | २०८१ माघ १६ | सञ्चालक समिति, लेखा उपसमिति, सल्लाहकार, अन्य उपसमितिहरु,कर्मचारी र शेयर सदस्य | सामुहिक बिकाश साकोस | तिलोत्तमा-३, सस्थाको मुख्य कार्यालय |
| १३ | एक्सेस समीक्षा बैठक | २०८१ फाल्गुण २६ देखि २७ | | नेफ्स्कुन | इन्द्रेणी व्याङक्वेट, नया वानेश्वर काठमान्डौ |
| १४ | श्रम कानुन सम्बन्धी अन्तरक्रिया | २०८१ फाल्गुन २७ | | श्रम तथा रोजगार कार्यालय | होटेल मेरीगोल्ड, बुटवल-८ |
| १५ | संशोधित सहकारी एंन तथा एकीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २०८१ चैत्र १४ | रुपन्देही जिल्लाका सहकारीहरू | सामूहिक साकोस | तिलोत्तमा-३ सस्थाको तालिम हल |
| १६ | जिल्ला स्तरिय अन्तर सहकारी हाजिरी जवाफ प्रतियोगितामा सहभागीता | २०८१ चैत्र १५ | श्री बुद्धि प्रसाद ज्ञवाली<br>श्री तारा पाण्डे<br>श्री मिलन पौडेल | संसार साकोस | मेरीगोल्ड होटल |
| १७ | जिल्ला स्तरीय अन्तर सहकारी खेलकुद प्रतियोगिता | २०८१ चैत्र १५,१६ | कर्मचारी र शेयर सदस्यहरु | जिविका बहुउद्देश्यीय सहकारी सस्था लि | फर्साटिकर |
| १८ | दोस्रो कार्यकुशलता सिकाई व्यवस्थापन राष्ट्रिय कार्यशाला गोष्ठी | २०८२ वैशाख १८ देखि २१ | सुरेन्द्र कुमार बर्मा,देवराज ज्ञवाली | नेफ्स्कुन | काठमाडौं ,नेपाल |
| १९ | वित्तीय साक्षरता सहित बिस्तारित मञ्च | २०८२ जेष्ठ १६ | संचालक समिति, लेखा उपसमिति, सल्लाहकार, अन्य उपसमितिहरु र शेयर सदस्य | सामूहिक साकोस | बसन्तपुर,कामाख्या देवी मन्दिर |
| २० | उत्कृष्ट व्यवस्थापक पुरस्कारबाट सम्मानित | २०८२ श्रावण ३० देखि भाद्र १ गते सम्म | श्री देवराज ज्ञवाली | नेफ्स्कुन | काठमाण्डौं |

## २) साधारण सभाका महत्वपूर्ण निर्णय र कार्यान्वयनको अवस्था:

संस्थाले साधारण सभाले निर्दिष्ट गरेका नीति तथा कार्यविधिको अधिनमा रही योजना अनुसार आफ्ना काम कारवाहीहरू सञ्चालन गरेको छ। यसका साथै साधारण सभाका कतिपय निर्णयहरू कार्यान्वयन भइसकेको तथा कतिपय निर्णयहरूलाई कार्यान्वयन गर्न कार्यविधि समेत आवश्यक पर्ने हुँदा कार्यविधि निर्माण प्रक्रिया समेत सँगसँगै अगाडि वढाउँदै लगेको छ।

## ३) सञ्चालक समितिका महत्वपूर्ण निर्णय र कार्यान्वयनको अवस्था:

संस्थाले बैठक सञ्चालन कार्यविधिको अधीनमा रही तथा संस्थाले स्वीकृत गरेको सुशासन नीतिको अधीनमा रही आफ्नो बैठक सञ्चालन सम्वन्धी न्युनतम आचारसंहिता लागू गरेको छ। सोही आचारसंहिताको आधारमा सञ्चालक समितिको बैठक बस्ने गरेको छ। त्यसका अतिरिक्त विषयवस्तुको गाम्भिर्यताको आधारमा आवश्यकताअनुसार अन्य बैठक समेत सञ्चालन गर्ने गरेको छ। सञ्चालक समितिलाई कुनै विषयवस्तु उपर राय सल्लाह लिनुपर्ने आवश्यकता परेका बखत सल्लाहकारहरू एवं लेखा सुपरिवेक्षण तथा आवश्यकताको आधारमा उपसमितिहरू सहितको बैठकसमेत राख्ने गरिएको छ। सल्लाहकार तथा लेखा सुपरिवेक्षण समितिलाई निर्णय प्रक्रियामा सहभागिता गराउने गरिएको छैन।

केही महत्वपूर्ण निर्णयहरू: आ.व.२०८१/८२

| महिना | मिति/निर्णय संख्या | सङ्क्षिप्त महत्वपूर्ण निर्णय र कार्यान्वयनको अवस्था | जम्मा सदस्य संख्या | उपस्थिति |
|---|---|---|---|---|
| श्रावण | २०८१ श्रावण १२<br>निर्णय: ९ वटा | • निक्षेप र ऋणको व्याजदर परिवर्तन गर्ने सम्वन्धी निर्णय<br>• सेवा केन्द्र व्यवस्थापन सम्वन्धी निर्णय<br>• संस्थाको ४ वर्षे व्यावसायिक रणनीतिक योजना समीक्षा।<br>• संस्थाका कर्मचारीको पारिश्रमिक वैंक खातामा जम्मा गरिदिने। | १३ जना | १२ जना |
| भाद्र | २०८१ भाद्र १४<br>निर्णय: १५ वटा | • संस्थाको ३० औं वार्षिक साधारण सभाको तयारी<br>• बैंक खाता सञ्चालन तथा दस्तखत परिवर्तन सम्बन्धमा।<br>• बुटवल सेवा केन्द्र व्यवस्थापन प्रतिवेदन।<br>• समस्याग्रस्त सहकारी जाँचवुझ संसदीय समितिको निमन्त्रणामा उपस्थित कार्यक्रमको प्रतिवेदन सम्वन्धमा। | १३ जना | ११ जना |
| आश्विन | २०८१ आश्विन ११<br>निर्णय: ८ | • आ.व. २०८०।८१ को लेखा परीक्षण प्रतिवेदन स्वीकृत सम्वन्धमा।<br>• शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण सम्वन्धमा। | १३ जना | १२ जना |
| | २०८१ आश्विन १८<br>निर्णय: ५ | • नीति तथा कार्यविधि निर्माण तथा साधारण सभामा संशोधित नीति पेश गर्ने सम्वन्धमा।<br>• लेखा परीक्षकको नियुक्ति सम्वन्धी पारिश्रमिक पेश गर्ने सम्वन्धमा। | १३ जना | १३ जना |
| कार्तिक | २०८० कार्तिक २३<br>निर्णय: ९ वटा | • ३० औं वार्षिक साधारण सभाका निर्णयहरु कार्यान्वयन सम्वन्धमा।<br>• संस्थाको मुख्य कार्यालय र सेवा केन्द्रहरुको कार्यक्षेत्र निर्धारण र सदस्यता स्थानान्तरण सम्वन्धी निर्णय।<br>• सञ्चालक, लेखा सुपरिवेक्षण समितिसहित उच्च व्यवस्थापनलाई एन.एफ.आर.एस. सम्वन्धी अभिमुखकरण तालिम सञ्चालन सम्वन्धमा।<br>ऋण असुलीका लागि कानुनी कारवाही अगाडि बढाउने सम्वन्धमा। | १३ जना | १३ जना |
| मंसिर | २०८१ मंसिर १४<br>निर्णय: १२ वटा | • संस्थाको वार्षिकोत्सव तयारी सम्वन्धमा।<br>• नेफ्स्कुन तथा राष्ट्रिय सहकारी वैंकमा प्रतिनिधि चयन गर्ने सम्वन्धमा।<br>• वैंक खाताको दस्तखत परिमार्जन सम्वन्धमा। | १३ जना | ९ जना |
| पौष | २०८१ पौष ३<br>निर्णय: ७ वटा | • राष्ट्रिय गोष्ठी तथा कार्यशाला सम्वन्धी प्रतिवेदन र सहकारी वैंकबाट प्राप्त पुरस्कार सम्वन्धमा।<br>• सहकारी अध्ययन अवलोकन भ्रमणको समीक्षा।<br>• उपसमितिहरु पुनर्गठन सम्बन्धमा। | १३ जना | १२ जना |

| | | | | |
|---|---|---|---|---|
| पौष | २०८१ पौष २२<br>निर्णय: १३ वटा | • सहकारी सम्वन्धी अध्यादेशका महत्वपुर्ण व्यवस्थाहरू सम्बन्धमा ।<br>• सहकारी संस्था एकीकरण सम्वन्धी कार्यदल गठन सम्बन्धमा ।<br>• सेवा केन्द्र भलवारीको संरचना विस्तार तथा घरभाडा सम्बन्धमा ।<br>• संघहरुमा प्रतिनिधि तोक्ने सम्बन्धमा । | १३ जना | १० जना |
| माघ | २०८१ माघ २९<br>निर्णय: ९ वटा | • धितो लिलामी तथा धितो सकार प्रकृया अगाडि वढाउने सम्बन्धमा ।<br>• व्याजदर परिमार्जन सम्बन्धमा ।<br>• २०८२ सालको क्यालेन्डर छपाइ सम्बन्धमा । | १३ जना | १० जना |
| फाल्गुन | २०८१ फाल्गुन २२<br>निर्णय: ९ वटा | • लेखा सुपरीवेक्षण समितिको दोस्रो त्रैमासिक प्रतिवेदन सम्बन्धमा ।<br>• प्रभु रेमिटसँगको कारोवार सम्बन्धमा ।<br>• जेष्ठ सदस्य भ्रमण कार्यक्रम सम्बन्धमा । | १३ जना | १० जना |
| चैत्र | २०८१ चैत्र ८<br>निर्णय: ८ वटा | • राष्ट्रिय सहकारी वैंकको पत्र सम्बन्धमा ।<br>• गो.एम.एल. र डि.एम.एस. सफ्टवेयर सञ्चालन सम्वन्धमा ।<br>• राष्ट्रिय सहकारी दिवस सम्बन्धमा ।<br>• वैंक खातामा संस्थाको अंग्रेजी नाम सच्चाउने सम्वन्धमा । | १३ जना | १२ जना |
| वैशाख | २०८२ वैशाख २६<br>निर्णय: ८ वटा | • जेष्ठ सदस्य भ्रमण कार्यदलको प्रतिवेदन सम्वन्धमा ।<br>• कोषाध्यक्षको प्रतिवेदन सम्वन्धमा ।<br>• कर्मचारीको राजीनामा सम्वन्धमा । | १३ जना | १२ जना |
| जेष्ठ | २०८२ जेष्ठ ९<br>निर्णय: ६ वटा | • सफ्टवेयर सञ्चालन तथा प्रयोग एवं आवश्यकता अनुसार अनुसुचीहरू थपघट गर्ने सम्बन्धमा । | १३ जना | ८ जना |
| असार | २०८२ असार १३<br>निर्णय: ८ वटा | • सहकारी सम्वन्धी संशोधित ऐन २०८१, ने.रा.वैंकको निर्देशन तथा मापदण्ड, राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी नियामकीय मापदण्ड २०८२ कार्यान्वयन सम्बन्धमा ।<br>• इन्टरनेट वैंकिङ्ग सेवा सञ्चालन सम्बन्धमा ।<br>• सुचिकृतको लागि सूचना प्रकाशित सम्बन्धमा । | १३ जना | १३ जना |
| असार | २०८२ असार ३१<br>निर्णय: ६ वटा | • बजेट रकमान्तर सम्वन्धमा ।<br>• पदपूर्ति उपसमितिको प्रतिवेदन सम्वन्धमा ।<br>• सम्पत्ति शुद्धीकरणको सुपरिवेक्षण तथा कम्प्लायन्स अफिसर तोक्ने सम्वन्धमा । | १३ जना | १३ जना |

## ४) संस्थाका प्रविधिमैत्री सेवाहरू र सेवाहरूको उपभोग:

आधुनिक जमाना प्रविधिको जमाना हो । अहिले कुनै पनि सहकारी संस्थाहरु प्रविधिसँग अलग रही कारोवार सञ्चालन गर्छु भन्नु दिवास्वप्न नै हो तसर्थ संस्थाले अहिले उपलव्ध सवै प्रकारका अत्याधुनिक प्रविधि अवलम्वन गरी कारोवार सञ्चालन गरिरहेको जानकारी गराउन पाउँदा म अत्यन्त हर्षित छु । अहिले वित्तीय कारोवारको विकल्पको रुपमा सामूहिक विकास साकोसका सदस्यहरु बैंक धाउन पर्दैन । अहिले संस्थाले सञ्चालन गरेका आधुनिक वैंकिङ्ग सेवाहरु देहायवमोजिम रहेका छन् ।

- ✓ क्यु मेसिनमार्फत लाइन व्यवस्थापन
- ✓ मिस्डकल मोवाईल सेवा
- ✓ ए.टि.एम. सेवा
- ✓ न्युनतम शुल्कमा डेविट कार्ड
- ✓ कनेक्ट आई.पि.एस. सेवा
- ✓ क्यु आर कोड मार्फत सजिलै रकम भुक्तानी
- ✓ न्युनतम शुल्कमा अन्य वैंकमा रकम ट्रान्सफर

- ✓ ई.सेवा, खल्ती सेवा
- ✓ रेमिटैन्स (विप्रेषण) सेवा
- ✓ युटिलिटी पेमेन्ट (खानेपानी, विद्युत, टेलिफोन)
- ✓ हवाई टिकेटिङ्ग सेवा
- ✓ टप अप सेवा
- ✓ विमा रकम भुक्तानी
- ✓ न्युनतम शुल्कमा मोवाइल बैंकिङ्ग सेवा

## ५) संस्थाको व्यवस्थापन संरचनाः




## ६) संस्थाको स्थीर सम्पत्ति तथा भौतिक संरचनाः

- तिलोत्तमा ३, शंकरनगरमा ०-१-५ क्षेत्रफलमा कार्यालय रहेको भवन ।
- तिलोत्तमा ३, शंकरनगरमा ०-७-१८ क्षेत्रफलको जग्गा ।
- स्कोरपियो गाडीः १ थान ।
- मोटरसाइकलः २ थान ।
- आवश्यक भौतिक पूर्वाधारहरु ।
- एटिएम मेसिन ।
- भौतिक पूर्वाधार सम्पन्न ३ वटा सेवा केन्द्र ।
- पूर्णतया प्रविधिमैत्री अत्याधुनिक सफट्वेयर ।

## ६) संस्थागत सेवा सुविधाः

क) **नवजात शिशु स्वागत खर्चः** यस संस्थाले आ.व. २०७९/८० बाट लागू हुने गरी शुरुवात गरेको नवजात शिशु स्वागत खर्च वापत गत साधारण सभादेखि मिति २०८२ साल कार्तिक मसान्तसम्ममा नावालक सदस्यको वाल बचत खाता सञ्चालन हुने गरी रु २ हजार रकम प्रदान गर्दै आएकोमा गत आ.व.मा जम्मा १६ जना सदस्यले यो सुविधा उपभोग गर्नुभएको छ ।

ख) **औषधीउपचार कर्जा तथा सहयोग अनुदानः** गत साधारण सभादेखि मिति २०८२ साल कार्तिक मसान्तसम्म यस संस्थाका शेयर सदस्यहरुमध्ये जटिल प्रकृतिका रोगहरु लागि उपचार गर्नका लागि औषधीउपचार कर्जा वापत निर्व्याजी रु १ लाख रकम १ वर्षसम्मका लागि ३ जना सदस्यहरुले उपभोग गर्नुभएको छ भने कर्जा लिन नचाहने जम्मा १५ जना सदस्यहरुले औषधीउपचार अनुदान वापत रु १० हजार सहयोग लिनुभएको व्यहोरा अनुरोध गर्दछौं ।

ग) **सदस्य शोक अनुदान रकमः** संस्थाबाट सामाजिक उत्तरदायित्व अन्तर्गत आफ्ना सदस्यहरुको निधनमा उपलव्ध गराउने गरिएको किरिया खर्च वापत रु ५१ हजार सदस्य शोक अनुदान वापत उपलव्ध गराउने गरिएकोमा गत साधारण सभादेखि मिति २०८२ साल कार्तिक मसान्तसम्ममा जम्मा ३१ जना सदस्यहरुको निधनमा निजका हकवालालाई रकम प्रदान गरिएको छ ।

घ) **पारिवारिक शोक अनुदान रकमः** यस संस्थाका शेयर सदस्यहरूको परिवारमा पुरुषको हकमा बाबु वा आमा, श्रीमतीको निधनमा एवं महिला शेयर सदस्यको हकमा सासू वा ससुरा, श्रीमान् तथा अविवाहित महिलाको हकमा बाबु वा आमाको निधनमा संस्थाले पारिवारिक शोक अनुदान वापत रु ५ हजार उपलब्ध गराउने गरेको छ। संस्थाले ३० औं साधारण सभा पश्चात हालसम्म गतेसम्ममा जम्मा ५३ जना सदस्यलाई पारिवारिक शोक अनुदान वापत रकम वितरण गरेको छ।

७) **राजस्वमा योगदानः** संस्थाको तर्फबाट गत आर्थिक वर्षमा देहायबमोजिमका शीर्षकमा रु. २,१२,९१,९३१.६२ कर दाखिला गरेको व्यहोरा सवै शेयर सदस्यहरुमा जानकारी गराउन चाहन्छु।

| क्र.सं. | शिर्षक | राजस्व रकम | कैफियत |
|---|---|---|---|
| १ | आयकर | ५८४४५२४.४७ | |
| २ | व्याज कर | ९७६६२३२.५ | |
| ३ | लाभांश कर | १८५६०९०.१३ | |
| ४ | खाजा तथा यातायात खर्च कर | ३२७०७८७.६५ | |
| ५ | वैठक भत्ता कर | ११३९४० | |
| ६ | घर वहाल कर | ५८४६६.६६ | |
| ७ | सामाजिक सुरक्षा तथा पारिश्रमीक कर | २५४५२९.७० | |
| ८ | अन्य कर | ११७३१७.२६ | |
| जम्मा | | २,१२,९१,९३१.६२ | |

९) **शोक प्रस्तावः** यस संस्थाको गत साधारण सभादेखि हालसम्म जम्मा ३१ जना सदस्यहरूको निधन भएको छ। संस्थाको उन्नयनमा पुऱ्याउनुभएको योगदानको उच्च मूल्यांकन गर्दै दिवंगत सदस्यहरूप्रति यो गरिमामय साधारण सभा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। शोकको यस घडीमा दिवंगत सदस्यहरुको परिवारजनमा हार्दिक समवेदना अर्पण गर्दै यो शोक प्रस्ताव पारीत गरिदिनुहुन सादर अनुरोध गर्दछु।

अन्त्यमा, प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने सबैमा हार्दिक आभारसहित संस्थाको विकासका लागि अहोरात्र खट्नुहुने तपाईं सम्पूर्ण शेयर सदस्य महानुभावहरू, हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथि, अतिथिज्यूहरु लगायत सम्पूर्णमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्दै विदा हुन चाहन्छु।

जय सहकारी।

........................

**मिनप्रसाद पोखेल**
**सचिव**

# सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका कोषाध्यक्ष श्री पार्थमणि आचार्यज्यूद्वारा प्रस्तुत नीति तथा कार्यक्रम र बजेट

आदरणीय यस संस्थाका अध्यक्षज्यू, स्थापनाकालका अध्यक्षज्यू, पूर्व अध्यक्षज्यू, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका सचिवज्यू, लेखा सुपरीवेक्षण समितिका संयोजकज्यू, सञ्चालक समितिका सदस्यज्यूहरू, कायकारी प्रमुख तथा कर्मचारी मित्रहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरू एवं सम्पूर्ण शेयर सदस्य महानुभावहरू आजको यो गरिमामय ३१ औं वार्षिक साधारण सभाको अवसरमा बजेट उपसमितिको तर्फबाट यहाँहरूलाइ हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सञ्चालक समितिको बैठकबाट स्वीकृत भई गत वर्षको साधारण सभाबाट स्वीकृत नीति तथा कार्यक्रमलाई निरन्तरता दिंदै चालु आ.व. २०८२।८३ मा अवलम्वन गरिने तथा आगामी आ.व. २०८३।८४ मा अवलम्वन गरिने नीति तथा कार्यक्रम र संस्थाको ४ वर्षे व्यावसायिक रणनीतिक योजना तथा गत आ.व. २०८१।८२ को यथार्थ वित्तीय विवरणको आधारमा बजेट कार्यक्रम तयार गरी स्वीकृतिको लागि यो गरिमामय साधारण सभामा पेश गरिएको छ ।

### गत आर्थिक वर्ष २०८१।८२ वजेट कार्यक्रममाथि समीक्षाः

गत आ.व. २०८१।८२ को अनुमानित बजेटको अनुपातमा ऋण लगानीको प्रगति ११९.३२ रहेको छ। कर्जा असुलीतर्फ लक्ष्यको तुलनामा १२१ प्रतिशत रहेको छ। त्यसैगरी आम्दानीमा लक्ष्यको तुलनामा ८१.३४ प्रतिशत रहेको छ भने खर्च ८१.०३ प्रतिशत रहेको छ। आ.व. २०८०।८१ को वास्तविक आम्दानी र खर्चको तुलनामा आ.व. २०८१।८२ को वास्तविक आम्दानी १०.४५ प्रतिशत र खर्चमा १०.२३ प्रतिशतले कमि भएका छ। भने मुनाफामा १२.६९ प्रतिशतले कमि भएको छ। गत आ.व. मा वैंक तथा वित्तीय संस्थाको व्याजदर निरन्तर न्युन हुँदै जाँदा संस्थाले समेत निक्षेप र ऋणको व्याजदर क्रमशः घटाइरहेको छ। यसले संस्थाको वास्तविक आम्दानी र खर्च न्यून देखिएको छ। यसैगरी कर्जा विस्तारमा पनि सुस्तता हुनु र आर्थिक मन्दिका कारण पनि संस्थाको कारोवारमा संकुचन देखा परेको छ। यसका साथै ऋण असुलीका लागि संस्थाले कानुनी प्रक्रिया अवलम्वन गरी केही धितो सकार गरेको तथा ऋण नोक्सानी व्यवस्थाका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणले नयाँ व्यवस्था लागू गरेको हुँदा सोही अनुसार नोक्सानी व्यवस्था गर्दा समेत संस्थाको मुनाफा केही सङ्कुचित भएको छ।

### आवधिक योजना समीक्षाः

संस्थाले आ.व. २०८१।८२ देखि लागु हुने गरी ४ वर्षे रणनीतिक योजना तयार गरी लागू गरिएकोमा योजना तयार गर्दाको अवस्थाभन्दा हाल ऋणको व्याज अत्यधिक न्यून भएको अवस्था छ। ऋणको व्याज न्यून हुँदा समेत कर्जा विस्तार हुन नसक्नु तथा वैंक तथा वित्तीय संस्थाहरूको अस्वस्थ प्रतिस्पर्धा एवं नयाँ कर्जा प्रवाह गर्दा आधार दर वरावरमा समेत ऋण प्रवाह गर्ने गरेको देखिएकाले सहकारी संस्थाको कर्जा विस्तार हुन नसकेको हो। यसका अतिरिक्त विश्वव्यापी आर्थिक मन्दी, वजारको सुस्तता भएका कारण सोचेअनुरूप कर्जा विस्तार हुन नसक्दा आम्दानीमा समेत कमी आएको छ। सहकारी संस्थाको करीव ९८ प्रतिशत आम्दानीको मुख्य स्रोत व्याज आम्दानी भएकाले व्याज आम्दानी न्युन हुँदा समेत संस्थाको वृद्धिदर योजना वमोजिम अगाडि बढ्न नसकेको हो। पछिल्लो समय छिमेकका सहकारी संस्थामा समेत अपचलनका घटना देखा पर्दा सहकारीप्रति विश्वासको संकट उत्पन्न भएको अवस्था छ। तसर्थ संस्थाले ठुलो रकम तरलताको रूपमा जोहो गरिराख्नुपर्ने र ठुलो कर्जा प्रवाहमा निरूत्साहित गर्दै जाँदा संस्थाको आम्दानीमा थप भार परेको अवस्था देखिएको हो।

## आगामी योजना र कार्यक्रम

संस्थाको यो वर्ष निर्वाचनको समेत वर्ष भएको हुँदा निर्वाचनबाट नयाँ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति गठन प्रक्रिया अगाडि वढेको छ। निर्वाचनबाट आउने नयाँ सञ्चालक समितिले हालको नीतिगत व्यवस्थालाई निरन्तरता दिंदै समयानुकूल हुने गरी आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यविधिहरू संशोधन गर्दै संस्थागत कारोवारहरू अगाडि वढाउनुपर्ने देखिन्छ। हाल देशको आर्थिक अवस्था, वित्त वजारमा व्याजदरको अवस्थालाई मध्यनजर गर्दा कतिपय नीतिहरू दीर्घकालीन भन्दा अल्पकालीन नीतिहरू अगाडि बढाउनुपर्ने देखिएको हुँदा आगामी वर्षको लागि तय गरीने नीतिहरूमा सामान्य हेरफेर गरिएको छ।

संस्थागत गतिविधि सम्वन्धमाः आ.व. २०८१।८२

### क) सदस्य संख्या र बचत कारोवार

संस्थाको गत आ.व. २०८२ असारमा जम्मा सदस्य संख्या १२३५० रहेका छन् भने संस्थामा सञ्चालनमा रहेका खाताहरूमध्ये नियमित बचत खाता संख्या १२३५० वटा, विशेष बचत खाता संख्याः १२३५० वटा, आवधिक बचत खाता संख्याः ५१८ वटा, पेन्सन बचत खाता संख्याः ५२ वटा, वाल बचत खाता संख्या ६९५ वटा, प्रौढ बचत खाता संख्याः ९८ वटा, जेष्ठ सदस्य बचत खाता संख्या १७५ वटा, साधारण बचत खाता संख्याः ९ वटा, बचत खाता ३६ वटा गरी जम्मा २६२४७ वटा खाता सञ्चालनमा रहेका छन्। जसमध्ये २२३११ वटा खाताहरू सक्रिय अवस्थामा छन् भने ३९३६ वटा खाताहरू निष्कृय अवस्थामा रहेका छन्। २०८२ असार मसान्तसम्म निक्षेपमा रहेको रकम रू.२,७०,१३,६८,६६४.२५ रहेको छ।

### ख) ऋण संख्या र कारोवार

संस्थाको गत आ.व. २०८१।८२ मा जम्मा ऋणी सदस्य संख्या २७३७ जना रहेका छन्। संस्थामा रहेका ऋणीहरूमध्ये बचत सुरक्षणको आधारमा ऋण लगेका ऋणी सदस्यहरूको संख्या १६७० जना रहेका छन्। धितो जमानतका आधारमा ऋण लगेका ऋणी सदस्य १०६७ जना रहेका छन्। संस्थाबाट एकाघर परिवारभित्र अधिकतम रू १ करोड ५० लाख सम्म ऋण प्रवाह गर्ने नीति रहेको छ। अघिल्लो आर्थिक वर्ष सम्म एकाघर परिवार भित्र रू २ करोड वा व्यावसायिक उद्देश्यमा प्रति सदस्य रू २ करोड सम्म पनि लगानी गर्न सक्ने व्यवस्था भए अनुसार रू १ करोडभन्दा माथि ऋण हुने सदस्य संख्या १ जना रहेका छन्। रू ५० लाख देखि रू १ करोड सम्म ऋण हुने सदस्य संख्या ७१ जना, रू ३० लाखदेखि माथि रू ५० लाखसम्म ऋण हुने सदस्य संख्या १७६ जना र रू ३० लाखभन्दा कम ऋण हुने सदस्य संख्या २४८९ जना रहेको व्यहोरा अवगत गराउन चाहन्छु। संस्थाको सवै ऋण धितो जमानतको आधारमा मात्र प्रवाह हुने गरेको छ। संस्थामा २०८२ साल असार मसान्तसम्ममा जम्मा ६ जना ऋणी सदस्यहरूको कानुनी प्रकृया अवलम्बन गरी धितो जमानत संस्थाले सकार गरेको छ भने उक्त धितो जमानत सहकारी नियमावली अनुसार ६ महिना अवधि पश्चात विक्री वितरण गरी आफ्नो ऋण असुल गरीने व्यहोरा समेत अवगत गराउँदछु। २०८२ असार मसान्तसम्म संस्थाको सकृय ऋणि संख्या २७१८ जना रहेका छन् भने निस्कृय ऋणी संख्या १९ जना रहेका छन् भने लगानीमा रहिरहेको ऋण रू. २,५५,८१,६६,७८९.४४ रहेको छ।

### ग) व्याजदर परिमार्जनः

संस्थाले बचत तथा ऋणको व्याजदर बजारअनुसार संशोधन तथा परिमार्जन गर्ने गरेको छ। सदस्यहरुको वृहत्तर हितलाई मध्यनजर गर्दै बचतको व्याज र ऋणको व्याजदरलाई सकेसम्म कम स्प्रेड दर कायम राखी व्याजदर परिवर्तन गर्ने गरिएको छ। संस्थाको गत आर्थिक वर्षको स्प्रेड दर ३.९९ प्रतिशत रहेको थियो।

### घ) बैंक खाता सञ्चालनः

संस्थामा प्रमुख कार्यकारी अधिकृतको नियुक्ति भएपश्चात संस्थाका सम्पूर्ण बैंक खाताहरु सञ्चालक समितिको निर्णयअनुसार व्यवस्थापनबाट सञ्चालन हुँदै आएका छन्। वैंक हिसाव भिडान मासिक रुपमा हुने गरेको छ।

### ङ) सञ्चालक समिति र व्यवस्थापन पक्षः

सञ्चालक समिति र व्यवस्थापन पक्ष आफ्नो जिम्मेवारीप्रति पूर्णतया जानकार रहेको सञ्चालक समितिले

नीतिगत निर्णयहरु गर्ने गरेको तथा व्यवस्थापनले कार्यान्वयन गर्ने गरेको छ । दैनिक कार्यसञ्चालन प्रक्रियामा सञ्चालक समितिले हस्तक्षेप गर्ने गरेको छैन ।

**च) शेयर लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष:**

संस्थाले गत आ.व.को मुनाफावाट सदस्यहरुलाई ६.५२ प्रतिशतका दरले शेयर लाभांश वितरण गर्ने निर्णय गरी यस सम्मानित साधारण सभामा स्वीकृतीको लागि पेश गरिएको छ । यसैगरी कारोवारको आधारमा सदस्यहरुलाई बचतमा प्राप्त व्याजमा ४० प्रतिशत र ऋणमा तिरेको व्याजको ६० प्रतिशत भार निर्धारण गरी संरक्षित पुँजी फिर्ता कोष वितरण गर्ने गरिएको छ । संरक्षित पुँजी कोषको रकम र शेयर लाभांश रकम साधारण सभाको निर्णय पश्चात सदस्यहरूको खातामा जम्मा गरिने छ ।

**छ) आमदानी:**

गत आर्थिक वर्ष २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा जम्मा आम्दानीमा १०.४५ प्रतिशतले कमी भएको छ । गत वर्ष संस्थाले बजार अनुसार ऋणको व्याजदर घटाएको कारण अनुमानित लक्ष्य अनुसार व्याज आम्दानीमा न्युन भएको हो । यसका अतिरिक्त संस्थाले विभिन्न संघहरूमा लगानी भएको रकममा लाभांश प्राप्त नभएको तथा वित्तिय संस्थामा तरलताको रुपमा रहने मौज्दातमा समेत प्राप्त व्याजमा उल्लेख्य रुपमा कमी हुनुको कारण संस्थाको आम्दानीमा कमी आएको हो ।

**ज) खर्च**

संस्थाको गत आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा कुल खर्चमा जम्मा १०.२३ प्रतिशतले वृद्धि भई जम्मा खर्च रु २५,१३,५६,५१४.४५ मात्र रहेको छ । गत आ.व.मा बचतको व्याजदर घटे तापनि खर्च वृद्धि हुनुको मुख्य कारणमा संस्थाले ऋणमा राख्नुपर्ने कर्जा सुरक्षण कोषको रकममा नियामक निकाय राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन वमोजिम गरिएको तथा सकार गरेको सम्पत्तीमा समेत शतप्रतिशत जोखिम व्यवस्था गर्नुपरेको हुँदा समेत खर्चमा वृद्धि देखिएको हो ।

**झ) तरलता**

संस्थाको तरलतामा गत आ.व. २०८०/८१ को तुलनामा आ.व. २०८१/८२ मा जम्मा २८.५७ प्रतिशतले वृद्धि भई ८३,१०,०१,६६३.७४ रहेको छ । यसैगरी २०८२ असार मसान्तसम्मको अवस्था हेर्दा संस्थाको कुल तरलता निक्षेपको आधारमा हेर्दा ३०.७६ प्रतिशत रहेको छ भने कुल सम्पत्तिमा २३.६४ प्रतिशत रहेको छ ।

ञ) पल्स विवरण सम्वन्धी समिक्षा:

संस्थाको पर्ल्स विवरण सम्वन्धी समीक्षा गर्दा संस्थाको गत आ.व. २०८१/८२ मा संस्थाको अवस्था सवल रहेको वित्तिय विवरणहरुले दर्शाउँछ । संस्थाको संस्थागत पुँजी तथा जोखिम कर्जा कोषमा आवश्यक रकमको व्यवस्था, सकार गरिएको सम्पत्तीमा समेत सत् प्रतिशत जोखिमको व्यवस्था, निक्षेप, ऋणको अनुपात, भाखा नाघेको कर्जा, सम्पत्ति तथा सदस्य वृद्धिदर एवं तरलता सिमाभित्र नै रहेका छन् ।

**ट) लेखापरीक्षण सम्वन्धी व्यवस्था:**

अ) आन्तरिक लेखापरीक्षण: संस्थाको कारोवारहरुको लेखा परीक्षण गर्नका लागि लेखा सुपरिवेक्षण समितिको समन्वयमा साधारण सभाको निर्णयअनुसार आन्तरीक लेखा परीक्षकको रुपमा सि.ए. को छुट्टै नियुक्ति गरिएको छ । आन्तरीक लेखा परीक्षकले संस्थाका कारोवार, नीति नियम र कार्यप्रकृयाको वारेमा निरीक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा लेखा सुपरीवेक्षण समितिवाट दिईएका सुझावहरुलाई कार्यान्वयन गर्ने गरीएको छ ।

आ) बाह्य लेखापरीक्षण: संस्थाले साधारण सभाको निर्णयअनुसार बाह्य लेखापरीक्षकको रुपमा सि.ए. नियुक्ति गरी निजवाट संस्थाको लेखापरीक्षण गर्ने गरिएको छ । संस्थाको विकास र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनका लागि दिईएका सुझावहरुलाई कार्यान्वयन गरिएको छ । सहकारी विभागको निर्देशन अनुसार संस्थाले गत आ.व. बाट संस्थाको लेखापरीक्षण एन.एफ.आर.एस. विधिबाट सम्पन्न गरी साधारण सभामा प्रतिवेदन पेश गरेको छ ।

## संस्थागत नीति र आगामी कार्ययोजना

१) संस्थामा हाल बुटवल, भलवारी र फर्साटिकरमा गरी संस्थाको ३ वटा सेवा केन्द्र रहेका छन् । संस्थाको पहिलो चरण अन्तर्गत सदस्य विस्तार अभियान पूर्ण रूपमा सफल भएको छ भने अव सेवा केन्द्र स्वस्फूर्त रूपमा सञ्चालन गर्नका लागि ऋण लगानी प्रक्रिया अगाडि बढाउने तथा अन्य आम्दानीका स्रोतहरू विस्तार गर्ने कार्यलाइ निरन्तरता दिइएको छ ।

२) गत साधारण सभाको निर्णयअनुसार लुम्बिनी विशिष्टीकृत सहकारी संघमा रू १,००,०५,१००। शेयर लगानी गरिएको र थप लगानी गर्नुपरेमा कार्यदलबाट अध्ययन गरी अगाडि वढाउने भनिएकोमा सञ्चालक समितिबाट थप शेयर खरीद नगर्ने गरी निर्णय गरिएको हुँदा सोही अनुसार साधारण सभामा जानकारी गराउन चाहन्छु । हाल उक्त सहकारी संघबाट सञ्चालित दुग्ध परियोजना सञ्चालनमा आइ विभिन्न प्रोडक्टहरू दुध, दही, आइसक्रिम, वटर लगायतका वस्तुहरू बजारमा ल्याइसकेको अवस्था रहेको छ । यसैगरी पछिल्लो समय थप गरिएको शेयर रकम रू ५० लाख फिर्ता लिन सकिने भएमा आवश्यक पहलकदमीका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्नका प्रस्ताव गरिएको छ ।

३) संस्थाले संस्थाका कर्मचारीहरूलाइ नेपाल सरकारले तोके अनुसारको सेवा सुविधा उपलव्ध गराउँदै आएकोमा संस्थागत आर्थिक अवस्थाको आधारमा समयानुकुल कर्मचारीहरूको तलव, भत्ता, सेवा, सुविधा, पुनरावलोकन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो । यसैगरी कर्मचारी भर्ना गर्दा प्रशिक्षार्थी कर्मचारीको रूपमा नियुक्ति गर्ने र कार्यसम्पादनको आधारमा सेवा निरन्तरता दिने गरी व्यवस्था गर्न आवश्यक नीति बनाई लागू गरिनेछ ।

४) नेपाल सरकार राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी निर्देशन वमोजिम साधारण सभालाइ धेरै खर्चिलो हुने गरी भड्किलो हुन नदिने, मितव्ययी रूपमा सम्पन्न गर्ने, सदस्यहरूलाइ सामान्य खाजा वाहेक नगद दिने गरी भत्ता वितरण नगर्ने तथा साधारण सभामा गैर सदस्यलाई आतिथ्यता गराउने कार्यलाइ रोक लगाउने, साधारण सभा कार्यक्रमलाई सिधै एजेण्डामा प्रवेश गर्ने गरी कार्यक्रम वनाउने लगायतका कार्य गर्ने गरी निर्देशन जारी भएकोमा चालु आ.व. का लागि अघिल्लो साधारण सभाले यातायात खर्च रू ११७६।४८ मा करकट्टी गरी रू १,०००। उपलव्ध गराउने निर्णय गरेअनुसार उपलव्ध गराउने, आगामी वर्षको साधारण सभामा यसलाइ घटाइ रू ५८८।२३ मा करकट्टी गरी रू ५००। उपलव्ध गराउने तथा आ.व. २०८४।८५ बाट खाजा तथा यातायात खर्च निर्देशन वमोजिम गर्ने गरी प्रस्ताव गरिएको छ । यसबाट संस्थाको खर्चमा मितव्ययिता आइ सदस्यले प्राप्त गर्ने लाभांश रकममा वृद्धि हुने व्यहोरा समेत आदरणीय सदस्यहरूलाई जानकारी गराउन चाहन्छु ।

५) संशोधित सहकारी ऐन तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी नियामकीय मापदण्ड तथा निर्देशन अनुसार सहकारी संघहरूमा प्रारम्भिक सहकारी संस्थाहरूले सदस्यता शुल्क वाहेक शेयर तथा बचत कारोवार गर्न नहुने व्यवस्थालाई मध्यनजर गर्दै संस्थाका विभिन्न संघहरू जिल्ला सहकारी संघ, रूपन्देही बचत तथा ऋण सहकारी संघ, लुम्विनी प्रदेश बचत तथा ऋण सहकारी संघ, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघहरूमा रहेको शेयर तथा बचत रकम नियामकिय निकायसँग समेतको समन्वयमा आवश्यक परेमा फिर्ता गर्नका लागि समेत प्रक्रिया अगाडि बढाउन सञ्चालक समितिलाई अख्तियारी दिन प्रस्ताव गरिएको छ ।

६) संस्थाले ऋण नबुझाई भाखा नाघेका ऋणीहरूको ऋण असुल प्रयोजनका लागि कानुनी प्रक्रिया अवलम्बन गरिएका ऋणीहरूबाट सकार गरिएको सम्पत्तिहरू सहकारी नियमावली अनुसार तोकिए बमोजिम ६ महिना अवधि पूरा भएपश्चात विक्री प्रक्रिया अगाडि वढाइ नगदमा रूपान्तरण गर्दै ऋण असुल उपर गरिने व्यहोरा सम्पूर्ण सदस्यहरूलाई अवगत गराउन चाहन्छु ।

७) सदस्यहरूलाइ हालसम्म दिइदै आएको सदस्य शोक अनुदान वापतको रकमलाइ प्रदान गर्नका लागि देहायवमोजिम सर्तहरू तोकिएको छ ।

शोक अनुदान रकम सर्त तथा व्यवस्था रू ५१,०००। नियमित बचत अघिल्लो आ.व. सम्मको जम्मा गरेको हुनुपर्ने छ । (जिम्मेवारी: सञ्चालक समिति)

रू २ लाख नियमित बचतमा व्यालेन्स भएका सदस्यलाई नियमित बचतको लागि अनिवार्यता हुने छैन ।

८) संस्थाका सदस्यहरूलाइ दीर्घ रोगको औषधिउपचारका लागि हाल रहेको सुविधालाई परिमार्जन गरी देहायवमोजिमको सहभागितात्मक औषधिउपचार सहयोग उपलव्ध गराउने गरी प्रस्ताव गरिएको छ । यस व्यवस्थालाइ विमा कार्यक्रमसँग जोड्न पनि सकिने गरी व्यवस्थापन गरिनेछ ।

क) सहभागिताका लागि औषधिउपचार सहयोग कोषका लागि सदस्यहरूले पहिलो वर्ष रू ५००। र दोस्रो वर्षबाट रू २००। का दरले सहभागिता शुल्क प्रदान गर्नुपर्नेछ ।

ख) संस्थाबाट प्रत्येक वर्ष नाफाको २ प्रतिशत वरावरको रकम सामुदायिक सेवा कोषबाट उल्लेखित कोषलाई सहयोग गरिनेछ ।

ग) उल्लेखित कोषको परिचालन छुट्टै रेकर्ड राखी अक्षयकोषको रूपमा संस्थाको नाममा कुनै पनि राष्ट्रिय स्तरको बैंकमा खाता खोली सञ्चालन गर्न सकिनेछ ।

घ) उल्लेखित रकमको भुक्तानी सञ्चालक समितिको निर्णयबाट औषधिउपचार सहयोग वाहेक अन्य क्षेत्रमा प्रवाह गरिनेछैन ।

ङ) खाता सञ्चालन सम्वन्धी व्यवस्था सञ्चालक समितिको निर्णयअनुसार हुनेछ ।

च) सहभागि सदस्यहरुलाई जटील तथा दिर्घ रोगका निम्ति दिइने रकम प्रकृतिअनुसार प्रतिव्यक्ति अधिकतम रू ३ लाखभन्दा वढी हुने छैन ।

छ) एकपटक सुविधा लिएका सदस्यले पुन: यो सुविधा पाउने छैन ।

ज) सहभागि सदस्यले २ वर्षसम्म निरन्तर सहभागिता पश्चात मात्र यो सुविधा प्राप्त गर्न सक्नेछन् ।

झ) कुनै कारणवस उल्लेखित कोषको रकमले नपुग भएमा संस्थाले थप दायित्व निर्वाह गर्ने छैन । यो विशुद्ध सहकारीका सदस्यहरूको सहभागितामा मात्र सञ्चालन गरिनेछ ।

ञ) यसका लागि आवश्यक कार्यविधि वनाइ लागू गर्न सञ्चालक समितिलाई अख्तियारी दिनको लागि प्रस्ताव गरिएको छ ।

९) संस्थामा सदस्यहरूको लागि प्रदान गरिँदै आएको सदस्य लाभ योजना वापतको रकम नियमित बचतको आधारमा २० वर्ष समयावधि पुरा भएका सदस्यले सदस्यता त्याग गर्न चाहेमा नियमित बचत रकमको १० प्रतिशत वा अधिकतम रू ३०,०००। रकम प्रदान गर्ने नीतिलाई यथावत राखिएको छ ।

१०) व्यवसायिक उद्देश्यमा लगानी गरिएको ऋणको अनुगमन प्रक्रियालाई निरन्तरता दिइनेछ । अनुगमनको क्रममा अनुत्पादक क्षेत्रमा लगानी भएको पाइए उल्लेखित कर्जाको सहुलियत हटाई थप व्याजदर लगाइनेछ ।

११) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र विभिन्न उपसमितिहरूको सेवा सुविधा र वैठक भत्ता संख्या र रकम देहायवमोजिम कायम गरिएको छ ।

| विवरण | बैठक भत्ता संख्या | प्रति बैठक भत्ता रकम | अन्य सुविधा | कैफियत |
|---|---|---|---|---|
| सञ्चालक समिति | १५ | १,१७७१०० | नभएको | |
| लेखा सुपरिवेक्षण समिति | १२ | १,१७७१०० | नभएको | |
| ऋण उपसमिति | ५२ | १,१७७१०० | नभएको | |
| संयुक्त वैठक | २ | १,१७७१०० | नभएको | |
| विस्तारीत वैठक | २ | १,१७७१०० | नभएको | |
| निर्वाचन उपसमिति | १० | १,१७७१०० | नभएको | सञ्चालक समितिको निर्णयअनुसार |
| अन्य उपसमिति | १५० | ५८८।५० | नभएको | |

१२) संस्थाको अध्यक्ष, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति एवं प्रमुख कार्यकारी अधिकृतलाई उपलब्ध गराउने सेवा सुविधा देहायवमोजिम निर्धारण गरिएको छ ।

| विवरण | इन्धन खर्च | सञ्चार | पारिश्रमिक | भत्ता | कैफियत |
|---|---|---|---|---|---|
| अध्यक्ष | १५,०००। | २,०००। | नभएको | | |
| उपाध्यक्ष | ६,०००। | १,०००। | नभएको | | |
| सचिव | ५,०००। | १,०००। | नभएको | | |
| कोषाध्यक्ष | ४,०००। | १,०००। | नभएको | | |
| सञ्चालक समिति | नभएको | नभएको | नभएको | | |
| लेखा सु. समिति | नभएको | नभएको | नभएको | | |
| उपसमिति | नभएको | नभएको | नभएको | | |
| प्रमुख कार्यकारी अधिकृत | | | ५६,७८७। | ६६,७८७ | जम्मा १२३५७४ |

कर्मचारी प्रशासन कार्यविधि अनुसारको अन्य सुविधा ।

१३) संस्थाका सञ्चालक तथा लेखा सुपरीवेक्षण समिति, उपसमितिहरू र कर्मचारीहरूलाइ दैनिक भ्रमण भत्ता वापत देहायवमोजिम रकम हुने गरी निर्धारण गरिएको छ ।

विवरण दैनिक भ्रमण भत्ता

| (जिल्ला वाहिरको हकमा) | स्वदेश | विदेश |
|---|---|---|
| सञ्चालक समिति | रू २,५००। प्रति दिन | सञ्चालक समितिले तोके अनुसार |
| लेखा सुपरिवेक्षण समिति | रू २,५००। प्रति दिन | सञ्चालक समितिले तोके अनुसा |
| शेयर सदस्य | रू २,५००। प्रति दिन | सञ्चालक समितिले तोके अनुसा |
| उपसमिति, प्रमुख कार्यकारी अधिकृत, अधिकृत स्तरका कर्मचारी | रू २,५००। प्रति दिन | सञ्चालक समितिले तोके अनुसा |
| वरिष्ठ सहायक, सहायक, उपसहायक, अन्य | रू २,०००। प्रति दिन | |

१४) संस्थामा रहेका बचतका प्रोडक्टहरूलाई नियामक निकायसँगको निर्देशनको आधारमा देहायवमोजिम समुहमा मिलान गरीएको छ ।

क्र.सं. विवरण कैफियत

१ नियमित बचत खाताः-

क) नियमित बचत मासिक रूपमा जम्मा गर्नुपर्नेः रू २००।, रू ३००।, रू ५००। र रू १,०००।

ख) जेष्ठ सदस्य बचतः- नियमित बचत गरेको २० वर्षपछि मात्र खाता सञ्चालन गर्न सकिने

ग) पेन्सन बचत खाताः- मासिक रूपमा तोकिएवमोजिम रकम जम्मा गर्न सकिनेः अवधि १० वर्ष

२ बचत खाताः-

क) साधारण बचत न्युनतम खातामा रहने रकम रू ५००।, गैरनाफामूलक संस्थाहरूको लागि

ख) बचत खाता २ जना सदस्यहरूको सम्युक्त खाता, गैरनाफामुलक संस्थाहरूको लागि समेत

ग) विशेष बचत सदस्यहरूले मात्र सञ्चालन गर्ने अनिवार्य खाता

घ) प्रौढ बचत ६० वर्ष पूरा भएका सदस्यहरूले मात्र सञ्चालन गर्न सक्ने ।

ङ) बाल बचत सदस्यले आफ्ना छोराछोरीहरूका लागि सञ्चालन गर्न सक्ने ।

३ आवधिक बचत

क) ६ महिने सदस्यहरूले अवधि तोकेर जम्मा गर्ने रकम

ख) १ वर्षे

ग) २ वर्ष

१५) संस्थामा न्युनतम शेयर पुँजी रू २ हजार भएका सदस्यहरूलाइ शेयर वृद्धि गरी रू १० हजार पुऱ्याउन सकिने गरी शेयर थप गर्न खुला गरिएको छ।

१६) सदस्यहरूका बिचमा रहेको शेयर रकमविचको अन्तरलाई कम गर्नका लागि रू १ लाख भन्दा वढी शेयर पुँजी भएका सदस्यहरूको शेयर पुँजी फिर्ता गर्नका लागि साधारण सभामा प्रस्ताव गरिएको छ।

१७) सदस्यहरूले आफ्नो आयस्रोतमा आएको कमी, व्यवसायमा परेको असरका कारण नियमित रूपमा ऋणको व्याज वुझाएको तर किस्ता वुझाउन असहज भएको भनि निवेदन पेश गरेमा आयस्रोतको आधारमा विश्लेषण गरी किस्ता पुनर्तालिकीकरण गर्न सकिनेछ। यसका लागि ऋण उपसमितिबाट स्वीकृत गर्नुपर्नेछ।

१८) कर्जाको सेवा शुल्क सम्वन्धी व्यवस्था देहायवमोजिम निर्धारण गरिएको छ।

क) रू १० लाख सम्मको कर्जाको लागि सेवा शुल्क रू १५००।

ख) रू १० लाख देखि रू ३० लाख सम्म कर्जाको लागि ०.२५ प्रतिशत

ग) रू ३० लाख देखि रू ५० लाख सम्म कर्जाको लागि ०.३५ प्रतिशत

घ) रू ५० लाख देखि रू १ करोड सम्म कर्जाको लागि ०.५ प्रतिशत

ङ) रू १ करोड माथिको कर्जाको लागि ०.७५ प्रतिशत

च) कुनै सदस्यले स्वीकृत ऋणको सिमाभित्र कर्जाको सावाँ घटाई पुनः आवश्यक परी ऋण माग गरेमा निजले पहिलो पटकको लागि थप गर्ने ऋण रकममा उल्लेखित सेवा शुल्कको दायरामा रही सेवा शुल्क लाग्नेछ।

छ) निज सदस्यले पुनः दोस्रो पटक स्वीकृत सिमा सम्मको ऋण थप गर्न चाहेमा भने सम्पूर्ण ऋण रकममा नै सेवा शुल्क लाग्नेछ।

ज) सेवा शुल्क गणना गर्दा निजको लगानी पश्चात हुन आउने वाँकी कर्जा रकमलाइ आधार लिइनेछ।

झ) सेवा शुल्क छुटको लागि सदस्यले ऋण लिएको समयावधि १ वर्ष नपुगेको हुनुपर्नेछ।

ञ) नियामक निकायको निर्देशनको आधारमा कर्जा नवीकरण गर्नुपरेमा वा लगानी गरिएको ऋणमध्ये १० प्रतिशत भन्दा कम भुक्तानी गरेका सदस्यले थप कर्जा माग गरेमा सम्पूर्ण कर्जाको सेवा शुल्क लाग्नेछ।

## १९) बजेट तथा कार्यक्रमः

### अ) पुँजीगत खर्च सम्वन्धमाः

आगामी आ.व. २०८३।८४ मा देहायबमोजिमका सम्पत्ती सामान खरिदका लागि प्रस्ताव गरिएको छ।

| क्र.सं. | सम्पत्ती विवरण | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ए.टि.एम. | १ | रू २०,००,०००। | |
| २ | ल्यापटप | ४ | रू ३,६०,०००। | |
| ३ | प्रिन्टर (कलर) | २ | रू ५०,०००। | |
| ४ | फोटोकपी मेसिन (सेवा केन्द्र समेत) | २ | रू ७०,०००। | |
| ५ | फर्निचर सामान (कुर्सी, टेवल) | | रू ५०,०००। | |
| ६ | जगेडा सम्पत्ति खरीद (आकस्मिक) | | रू ३,००,०००। | |
| ७ | हल निर्माण (खरिद गरेको जग्गामा) | १ | रू २०,००,०००। | |
| | जम्मा सम्पत्ति | | रू ४९,३०,०००। | |

आ) संस्थाको आम्दानी गत आ.व.मा भएको यथार्थ आम्दानी र आगामी आ.व.मा लगानी हुन सक्ने रकमलाई आधार मानी निर्धारण गरिएको छ भने खर्चहरूमा आवश्यकता अनुसार तथा रणनीतिक योजनाले निर्धारण गरेको खर्चको आधारमा तयार गरिएको छ। यसै अनुसार संस्थाको नाफा नोक्सान र वासलात तयार गरी स्वीकृतिको लागि पेश गरिएको छ।

क) आम्दानी तर्फ: आ.व.: २०८२/८३ को बजेट तयार गर्दा अनुमानित ऋण लगानी २ अर्व ७५ करोड हुने अनुमान गरी उक्त रकमको १२ प्रतिशतका दरले आम्दानी हुने प्रक्षेपण गरिएकोमा हाल वजारमा व्याजदर न्युन हुँदै गएको उक्त व्यावसायिक रणनीतिक योजनालाई समयानुकुल संशोधन गरी बचतको व्याजदर ५ प्रतिशतभित्र सिमित रहने र ऋणको व्याजदर एकल अंकमा कायम हुने अनुमान गरी यो बजेट तयार गरिएको छ।

| क.सं. | विवरण | आ.व. २०८१/०८२ को | | आ.व. २०८२/०८३ को | | आ.व. २०८३/०८४ को |
|---|---|---|---|---|---|---|
| | | अनुमानित | यथार्थ | अनुमानित | यथार्थ (२०८२/६/३० सम्म) | अनुमानित |
| १ | व्याज आम्दानी | ३३,००,००,००० | २९,४८,३६,५६४.१२ | २७,८९,२९,४३६.५२ | ४७७११८७०.५३ | २७,९४,५९,१०६.७१ |
| २ | प्रवेश शुल्क आम्दानी | ३००,००० | २२२३००.०० | २४४५०० | ७२००.०० | २,६८,९५० |
| ३ | कमिशन आम्दानी | २००,००० | ५६०४.१२ | ६,१९४.५३ | ११४७.९७ | ६,८१३.९९ |
| ४ | विविध आम्दानी | २००,००० | | १,००,००० | १८८००.०० | २००००० |
| ५ | बैंक रकममा व्याज आम्दानी | ३७,५००,००० | १,२६,८३,६२९.९७ | १,०३,७५,६८९.८२ | | १,३३,६३,८५३ |
| ६ | प्रकृयागत शुल्क आम्दानी | १२,५००,००० | ६६,५७,०२०.१४ | ५५,४८,६६३.७३ | १०१९५५३.१६ | ६८,०४,५२९.४२ |
| ७ | जोखिम कर्जा कोष आम्दानी | - | | | | |
| ८ | मोवाईल वैंकिङ्ग रिचार्ज कमिसन आम्दानी | ४००,००० | ३,३२,४०० | ३,६५,६४० | ६५८००.०० | ४,०२,२०४ |
| ९ | लगानीवाट प्राप्त वोनस आम्दानी | ५,७००,००० | ९३,४३१.३० | १४,४७,९०७.३६ | | १४,११,६४८.४१ |
| १० | तालिम सञ्चालनवाट आम्दानी कोष वाट | - | | | | |
| ११ | रेमिटैन्स आम्दानी | २५०,००० | १२,८६६.४८ | १४,१५३.१३ | | १५,५६८ |
| | जम्मा | ३८,७०,५०,००० | ३१,४८,४३,८१६.१३ | २९,७०,३२,१८५.०९ | ४८,८२४,३७२ | ३०,१९,३२,६७३.५३ |

(ख) खर्च तर्फ:

| विवरण | आ.व. ०८१/०८२ को | | आ.व. ०८२/८३ को | | आ.व. ०८३/८४ को |
|---|---|---|---|---|---|
| | अनुमानित | वास्तविक | अनुमानित | यथार्थ (०८२ असोज मसान्त) | अनुमानित |
| साधारण सभा सदस्य वैठक खर्च | २५,४९९,४६१.०० | २१,८०५,२५१.०० | १३,५९४,४३९.८५ | | १५,०००,३७५.०० |
| पदाधिकारी तथा उपसमिति वैठक भत्ता | १,०६५,६००.०० | ७५९६००.०० | १,२७९,७८५.०० | १०९,८१२.८० | १३,४६,१३७.५० |
| संचालक तथा शेयर सदस्यको लागि सुविधा | ३३,३४५,९०० | २०,३६९,९०० | १४,८७४,२२४.८५ | १०९,८१२.८० | १,६३,४६,५१२.५० |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा कर्मचारी खर्च | २४,५८८,१८६.६० | १७,४३०,५०८.८५ | १९,७४४,३०७.३७ | ५,३९५,५२०.५० | २,४५,९९,९८७.९९ |
| शिक्षा तथा तालिम खर्चः | १,०००,०००.०० | - | १,२०५,०००.०० | ६९,८६५.०० | १,१९५,०००.०० |
| सञ्चालक तथा शेयर सदस्यको लागि | ६२०,०००.०० | | ८२५,०००.०० | ६९,८६५.०० | ८१५,०००.०० |
| कर्मचारीको लागि | ३८०,०००.०० | | ३८०,०००.०० | | ३८०,०००.०० |
| अन्य खर्च | | | | | |
| दैनिक भ्रमण भत्ता | ३००,०००.०० | १४८,६४३.६९ | १५६,०७५.८७ | ११,१९९.२० | १६३,८७९.६७ |
| वार्षिक खातावन्दी खर्च | १२०,०००.०० | ७२,९३०.०० | ७६,५७६.५० | | ८०,४०५.३३ |
| मसलन्द तथा छपाई | ९००,०००.०० | १५१,१२३.३३ | ५००,०००.०० | १२,८५५.०० | २५०,०००.०० |
| कर्पोरेट ईन्टरनेट सेवा (वर्ल्डलिंक) | ४४५,०००.०० | २८९,३७६.०० | ४०२,९७७.०० | २८७,०३०.०० | ४०२,९७७.०० |
| सफ्टवेयर रिटेन्सन | ५२५,०००.०० | १७३,५६८.०० | २२५,०००.०० | १३,५६०.०० | २५०,०००.०० |
| क्लाउड चार्ज | | २९४,९३०.०० | ३००,०००.०० | १४२,३८०.०० | ३०३,८९३.८० |
| फोन पे सर्विस चार्ज | २५,०००.०० | ३३,९००.०० | ५०,०००.०० | | ५०,०००.०० |
| मोवाइल बैंकिङ्ग चार्ज | ३३०,०००.०० | २२६,०००.०० | ३३०,०००.०० | | ३३०,०००.०० |
| मोवाइल बैंकिङ्ग कमीसन चार्ज | २५,०००.०० | | ३०,०००.०० | | ३०,०००.०० |
| एस.एम.एस खर्च | १२५,०००.०० | १६२,११३.४९ | १६६,७२६.०० | १५८,१३०.०७ | १७८,७३०.१२ |
| ए.टी.एम खर्च ( सफ्टवेयर मर्मत तथा अन्य) | २५०,०००.०० | १४२,९८८.८० | २५०,०००.०० | १०२.०० | २५०,०००.०० |
| जेनेरेटर, सवारी साधन, तथा अन्य मर्मत | ६००,०००.०० | ४३०,८१९.६४ | ६००,०००.०० | ५५,००२.६५ | ४७४,९७८.६५ |
| रिवेट व्याज छुट | ३३०,०००.०० | १७०,६३७.१६ | ३३०,०००.०० | १३,१९९.५३ | ३००,०००.०० |
| धितो निरीक्षण तथा अनुगमन खर्च | २५०,०००.०० | | २५०,०००.०० | | २५०,०००.०० |
| लेखापरीक्षण खर्च | ४००,०००.०० | ३६०,०००.०० | ३००,०००.०० | | ३९६,९००.०० |
| ह्रास कटि | ३,०००,०००.०० | २,००३,२४४.१६ | ३,०००,०००.०० | | २,२३९,०७४.७४ |
| कर्जा सुरक्षण | ७,५००,०००.०० | ३३,९३३,३३८.७८ | ७,५००,०००.०० | १०,३५३,२३५.४१ | - |
| गोष्ठी तथा सेमिनार,विस्तारित मञ्च | २००,०००.०० | | २००,०००.०० | | ३५,२८०.०० |
| जेष्ठ सदस्य देश दर्शन कार्यक्रम | ४००,०००.०० | १२१,२२५.०० | ३५०,०००.०० | | १६७,२७८.०१ |
| कुल अन्य खर्च | १५,७२५,०००.०० | ३८,७१४,८३८.०५ | १५,०१७,३५५.३७ | ११,०४६,६९३.८६ | ६,१५३,३९७.३२ |
| व्याज खर्च | २०,६५,७४,२८८.२६ | १६२,७०३,९५१.१३ | १५,३०,००,००० | ३४,३९५,२३४.२१ | १४८,५९४,५६९.७५ |
| विविध खर्च | ८,०१२,३००.०० | ४,०७०,४६१.५२ | ७,९२९,७०१.०० | ९९७,८९७.१० | ६,२५७,४२६.३४ |
| पाउनुपर्ने व्याज खर्च (सकार सम्पत्तीमा) | | ५६,२२,२९७.७२ | | | |
| साधारण सभा | १,५५०,०००.०० | ७०९,७६५.०९ | १,५००,०००.०० | | १,५००,०००.०० |
| अतिथी सत्कार (ईन्टर्नसिप खाजा खर्च समेत) | २८०,१००.०० | १०९,६३५.०० | २८०,१००.०० | १७,८८०.०० | १२०,८७२.५९ |
| टेलिफोन/पदाधिकारी संचार सुविधा | ३१३,२००.०० | १४१,५३०.०० | ३१३,२००.०० | २८,५००.०० | १५,८६९.३७ |
| खानेपानी | ३५,०००.०० | १०,६८०.०० | ३५,०००.०० | ३,६००.०० | ११,७७४.७० |
| ईन्धन मोटरसाइकल र जेनेरेटर | १,१०२,०००.०० | ५०९,९१९.८४ | १,१०२,०००.०० | १३७,१३०.८५ | ५८४,२३६.६२ |
| विद्युत महसुल | ८५०,०००.०० | ४१८,६०२.०० | ४५३,६२८.०० | १२५,९७०.०० | ४६१,५०८.७१ |
| विमा खर्च | १,७५०,०००.०० | ८४२,९९८.६१ | १,७५०,०००.०० | ५१३,७८७.०० | १,७५४,४०५.९७ |
| पत्रपत्रिका | १५,०००.०० | ९,२००.०० | १५,०००.०० | | १५,०००.०० |
| विज्ञापन सूचना तथा सञ्चार | १५०,०००.०० | ३९,५६४.०२ | १४०,७७३.०० | ७,०००.०० | ८७,९३९.८३ |
| भैपरी | १२०,०००.०० | ७३,५०८.३१ | १२०,०००.०० | ९,९१५.०० | ८१,०४२.९१ |
| सदस्यता नवीकरण शुल्क | ७५,०००.०० | २३,४६०.०० | ७५,०००.०० | | २५,८६४.६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रोवेशन ब्राण्ड तथा एक्सेस कार्यक्रम खर्च | २००,०००.०० | १०५,०००.०० | १५०,०००.०० | | ११५,७६२.५० |
| स्मारिका/वुलेटिन प्रकाशन | १५०,०००.०० | | १५०,०००.०० | | २५,०००.०० |
| प्राथमिक स्वास्थ्य सामग्री व्यवस्थापन | ५०,०००.०० | | ५०,०००.०० | | १५,०००.०० |
| घर/जग्गा भाडा | ५२०,०००.०० | ५८४,६६६.६२ | ६००,०००.०० | १२२,८३३.३१ | ६४४,५९४.९५ |
| क्यालेन्डर | ३००,०००.०० | १९५,७३८.३५ | ३००,०००.०० | | ३६०,०००.०० |
| पुरस्कार तथा सम्मान | १५०,०००.०० | ११४,८३४.०० | १५०,०००.०० | | १२६,६०४.४९ |
| ओ.वि.सि. चार्ज | २५,०००.०० | १२,४०९.०१ | २५०,०००.०० | १,६४१.०० | १३,६८०.९३ |
| रिचार्ज कमिसन खर्च | १००,०००.०० | ५,६०४.१२ | ५०,०००.०० | १,१४७.९७ | ६,१७८.५४ |
| केवल खर्च | १२,०००.०० | | १२०,०००.०० | | १२,०००.०० |
| संस्थाको वेबसाइट नविकरण | १०,०००.०० | ३,९५५.०० | ३०,०००.०० | | ४,३६०.३९ |
| नयाँ कर्मचारी भर्ना खर्च | ५०,०००.०० | ३४,८००.०० | ५०,०००.०० | | ३८,३६७.०० |
| नगरपालिका व्यवसाय कर | ३०,०००.०० | २३,८९८.३१ | ३५,०००.०० | २१,८९१.९७ | २६,३४७.८९ |
| सवारी साधन कर खर्च | ५०,०००.०० | ४४,५००.०० | ६०,०००.०० | ६,६००.०० | ४९,०६१.२५ |
| कार्यालय सञ्चालन खर्च | २५,०००.०० | ५६,१९३.२४ | ५०,०००.०० | | ६१,९५३.०५ |
| सहकारी मर्जर सम्वन्धि खर्च | १००,०००.०० | | १००,०००.०० | | १००,०००.०० |
| विविध कार्यक्रम खर्च | ८२२,२४५.०० | २४९,६०६.१८ | ९७९,५४५.०० | - | १,२०८,५००.०० |
| सहकारी दिवस | २५,०००.०० | | २५,०००.०० | | २५,०००.०० |
| सहकारी स्थापना दिवश | १००,०००.०० | २४९,६०६.१८ | २५०,०००.०० | | ३००,०००.०० |
| सदस्य सन्तुष्टि परिक्षण | ६३,७४५.०० | | ७१,०४५.०० | | ७५,०००.०० |
| वितिय साक्षरता कक्षा सञ्चालन | ११२,५००.०० | | ११२,५००.०० | | ११२,५००.०० |
| विधालयमा वितिय साक्षरता कक्षा संचालन | ५०,०००.०० | | ५०,०००.०० | | ५०,०००.०० |
| क्यु आर कोर्ड वितरण गर्न | १२,५००.०० | | १२,५००.०० | | १२,५००.०० |
| मोवाइल बैंकिङ्ग प्रयोगकर्ता संख्या वृद्धि गर्न | ८२,५००.०० | | ८२,५००.०० | | ८२,५००.०० |
| सवै सेवाकेन्द्रमा बडापत्र राख्ने | २५,०००.०० | | २५,०००.०० | | २५,०००.०० |
| सदस्य मृत्यु समवेदना भेटघाट | ३०,०००.०० | | ३०,०००.०० | | ३०,०००.०० |
| रक्तदान कार्यक्रम | ३०,०००.०० | | ३०,०००.०० | | ३०,०००.०० |
| वृक्षारोपण कार्यक्रम | १५,०००.०० | | १५,०००.०० | | १५,०००.०० |
| मेम्वर अफ द मन्थ कार्यक्रम | ६,०००.०० | | ६,०००.०० | | ६,०००.०० |
| सदस्यहरुको सिप रोष्टर | २५,०००.०० | | २५,०००.०० | | २५,०००.०० |
| संस्थाको बजारीकरण गर्न | ९५,०००.०० | | ९५,०००.०० | | १२५,०००.०० |
| संस्थाको परिचयात्मक कार्यक्रम | १५०,०००.०० | | १५०,०००.०० | | २९५,०००.०० |
| कुल खर्च | ३१,०१,७८,४९६.०० | २५,१३,५६,५१४.४५ | २१२,७५०,१३३.५९ | ५२,०१५,०२३.४७ | २०,४३,५५,३९३.९० |

## ग) कर्मचारी खर्च विवरण

| विवरण | अनुमानित आ.व. २०८१/८२ | वास्तविक खर्च: २०८१/८२ | अनुमानित आ.व. २०८२/८३ | वास्तविक खर्च: मिति २०८२ असोज मसान्त | अनुमानित आ.व. २०८३/८४ |
|---|---|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत तलव भत्ता तथा सुविधा | १,३६२,८८८.०० | १,४१९,६७५.०० | १,४९९,१८८.८० | ३९७,५०९.०० | १६,१९,१८८.८० |
| कर्मचारी तलव तथा भत्ता खर्च | १४,२४७,३३४.८४ | ११,४१५,२८२.९७ | १४,८७८,८५५.६४ | ३,१५५,८५८.९० | १६,८५१,३०२.५८ |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी दशैं भत्ता | १,३११,३८६.४३ | ७०१,६२५.०० | १,१३१,९२६.३३ | ९३६,०१६.०० | १,०९०,२३५.५९ |
| सुरक्षा गार्ड | ७०७,५००.०० | ६८३,०८५.०० | ६८३,०८५.०० | २१०,१८०.०० | |
| सामाजिक सुरक्षा कोष खर्च | २,३५१,५१५.०० | १,९८१,२५९.५२ | २,७१६,६२३.१८ | ५१२,५७६.६० | २,६१६,५६५.४२ |
| औषधिउपचार खर्च | ६५५,६९३.२२ | _ | | | |
| विदा वापतको रकम | १,४३८,५७५.९० | ३२४,१०१.३६ | १,५८४,६९६.८६ | | १,०९०,२३५.५९ |
| सेवा केन्द्र प्रमुख/विभागीय प्रमुख भत्ता | १८०,०००.०० | | - | | |
| खाजा खर्च | १,१७०,०००.०० | ८१२,०७०.०० | ८४०,०००.०० | १६९,४००.०० | ८८०,०००.०० |
| टेलर भत्ता | १२०,०००.०० | ३२,९५०.०० | ८४,०००.०० | ८,४००.०० | १२०,०००.०० |
| चावी भत्ता | ८७,६००.०० | २१,९६०.०० | ८७,६००.०० | ५,५८०.०० | २१९६० |
| कपडा/ड्रेस खर्च | ३००,०००.०० | ३८,५००.०० | ३४५,०००.०० | | ३१०,५००.०० |
| फोर्स लिभ | | | १८८,६५४.३९ | | |
| प्रोत्साहन भत्ता | ६५५,६९३.२२ | | ६५५,६९३.२२ | | |
| जम्मा कर्मचारी खर्च | २४,५८८,१८६.६० | १७,४३०,५०८.८५ | १९,७४४,३०७.३७ | ५,३९५,५२०.५० | २,४५,९९,९८७.९९ |

## घ) नाफा नोक्सान विवरण:

| विवरण | आ.व. २०८१/८२ अनुमानित | आ.व. २०८१/८२ वास्तविक | आ.व. २०८२/८३ अनुमानित | आ.व. २०८२/८३ यथार्थ (६/३०) | अनुमानित आ.व. २०८३/८४ |
|---|---|---|---|---|---|
| आम्दानी तर्फ | | | | | |
| आम्दानी विवरणबाट कुल आम्दानी | ३८,७०,५०,००० | ३१,४८,४३,८१६.१३ | २९,७०,३२,१८५.०९ | ४८,८२४,३७२ | ३०,१९,३२,६७३.५३ |
| खर्चतर्फ | | | | | |
| खर्च विवरणबाट कुल खर्च | ३१,०१,७८,४९६ | २५,१३,५६,५१४.४५ | २१२,७५०,१३३.५९ | ५२,०१५,०२३.४७ | २०,४३,५५,३९३.९० |
| नाफा/नोक्सान (बचत) | ७,६८,७१,५०४ | ६,३४,८७,३०१.६८ | ८,४२,८२,०५१.५० | -३१,९०,६५१.४७ | ९,७५,७७,२७९.६३ |
| करकट्टी | ७६,८७,१५०।४० | ६३,४८,७३०।१७ | ८४,२८,२०५।१५ | | ९७५७७२७९३ |
| खुद बचत नाफा | ६,९१,८४,३५३.६० | ५७१३८५७१.५१ | ७५८५४३८४६.३५ | | ८,७८,१९,५५१.७० |

## ङ) वासलात:

संस्थाको वासलातमा आ.व. २०८०।८१ देखि २०८३।८४ सम्मको व्यावसायिक रणनीतिक योजना समीक्षाको आधारमा पुनरावलोकन गरी संशोधित योजना अनुसार तयार गरिएको छ। उल्लेखित वासलातमा आम्दानी र खर्चको आधारमा अनुमानित लक्ष्य संशोधन गरी स्वीकृतिको लागि साधारण सभामा पेश गरिएको छ।

| आर्थिक वर्ष २०८१।८२ को यथार्थ विवरण सहितको तथ्यांक | | | | | २०८१/८२ | २०८३/८४ | |
|---|---|---|---|---|---|---|---|
| विवरण | अनुमानित २०८१/८२ | वास्तविक २०८१/८२ | प्रगति | वास्तविक अनुपात | अनुमानित रकम | अनुमानित रकम | वास्तविक % |
| शेयर पुँजी | ३५२,७८३,५०४.२७ | ३२२८४०८०० | ९१.५१ | ८.९८ | ३३३,३८५,२५२.६३ | ३४९७६८७५६.५ | ८.५० |
| जगेडा कोष | २७८,४७७,१३६.९२ | २७२५७२७५३.८ | ९७.८८ | ७.५८ | २९२,०१९,७९२.०१९५ | ३१४६७०२७८.६२ | ७.६५ |
| अन्य कोष | १६७,८७२,५६१.७४ | १७९५५४१७२.९ | १०६.९६ | ५.०० | २०८१५१७९७.६४ | २३०८०१३८१.८० | ५.६१ |
| निक्षेप दायित्व | २,९७९,०६०,७०२.७४ | २७०१३६८६४४ | ९०.६८ | ७५.१५ | २,८५७,५८७,८७९.७२ | ३०८६१९४९१० | ७५.०० |
| तिर्न बाँकी ऋण तथा कर्जा सापटी | - | ० | | ०.०० | | | ०.०० |
| अनुदान कोष | - | ० | | ०.०० | | | ०.०० |
| चालु दायित्व | ३९,१९८,१६७.१४ | १५१९१३४३.३९ | ३८.७६ | ०.०० | ३८,१०१,१७१.७३ | ४१,१४९,२६५.४७ | १.०० |
| कर दायित्व | ९,२७६,९७६.०३ | ५६७४७४९.४८ | ६१.१७ | ०.१६ | ८,६४३,१२८.१२ | १००६६८८२.९३ | ०.२४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| दीर्घकालीन दायित्व | | | | 0.00 | | | 0.00 |
| स्थगन कर दायित्व | | | | 0.00 | | | 0.00 |
| ऋण सुरक्षण कोष | ७८,३९६,३३४.२८ | ९,७२,४७,६९९.४१ | १२४.०५ | २.७१ | ९५,२५२,९२९.३२ | ८२,२९८,५३०.९४ | २.00 |
| वितरण नगरिएका नाफा | | ० | | 0.00 | | | 0.00 |
| जम्मा दायित्व | ३९०५०६५३८३.१२ | ३,५९,४४,५०,१६३.१७ | ९२.०५ | १००.०० | ३,८३३,१४१,९५१.१९ | ४,११४,९५०,००६.३३ | १००.०० |
| कुल दायित्व | | | | | | | |
| सम्पत्तिमा वृद्धिदर | | | | | ६% | ८% | |
| सम्पत्तितर्फ | | | | | | | |
| नगद तथा बैंक | ६६६,३६८,८४१.४० | ८३,१०,०१,६६३.७ | १२४.७१ | २३.१२ | ७९८,०४९,१३८.०९ | ७५९,५४१,०६१.२३ | १८.४६ |
| वित्तीय लगानी | ५४,४८५,४५२.३३ | ४,३५,६६,५२८.४ | ७९.९६ | १.२१ | ५२,९६०,६२८.७० | ४१,१४९,२६५.४७ | १.00 |
| सदस्यहरुसँग बाँकी ऋण | ३,०५७,४५७,०३७.०२ | २,५५,९१,०२,०२२ | ८३.७० | ७१.२० | २,८१९,४८६,७०७.९९ | ३,१६८,४९३,४४१.०३ | ७७.00 |
| चाल सम्पत्ती | १९,१६९,२५४.५१ | १,४४,३९,६७९.४१ | ७५.३३ | 0.४0 | १८,६२०,७५६.८० | २०,५७४,६३३ | 0.५0 |
| गैर वैकिङ्ग सम्पत्ति | - | ३,८२,६४,४६३.४२ | | १.0६ | ३८,१०१,१७१.७३ | २०५७४६३२.७३ | 0.५0 |
| स्थिर सम्पत्ती | १०७,५८४,७९७.८६ | १०८०७५८०५.८ | १००.४६ | ३.0१ | १०५,९२३,५४७.८७ | १०४,६१६,९७३.१३ | २.५४ |
| स्थगन कर सम्पत्ति | | | | 0.00 | | | 0.00 |
| | | | | 0.00 | | | 0.00 |
| जम्मा सम्पत्ति | ३,९०५,०६५,३८३.१२ | ३५९४४५०१६३ | ९२.०५ | १००.०० | ३८३३१४१९५१.१९ | ४,११४,९५०,००६.३३ | १००.०० |
| सदस्य सङ्ख्या | १२४६५ | १२३५० | ९९.०८ | | १३५८५ | १४९४३ | |

## च) ऋण लगानी कार्यक्रम:

| क.स. | उद्देश्य | आ. व. ०८१/०८२ को | | आ. व. ०८२/०८३ को | | आ. व. ०८३/०८४ को |
|---|---|---|---|---|---|---|
| | | अनुमानित | यथार्थ | अनुमानित | वास्तविक (२०८२/६/३०) | अनुमानित |
| १ | औषधिउपचार | १,०००,००० | ३,००,००० | १,०००,००० | | १,०००,००० |
| २ | सेवा तथा हल्का सवारी | २,०००,००० | | २,०००,००० | | २,०००,००० |
| ३ | सामाजिक | २५०,०००,००० | २००९८४१२४.९२ | ३००,०००,००० | ३,५७,८९,००० | ३००,०००,००० |
| ४ | व्यवसायिक | ३००,०००,००० | ६९,१९,३८,२४२ | ३५०,०००,००० | १६,७९,९२,००० | ५००,०००,००० |
| ५ | लघुउद्यम कर्जा | ७,६००,००० | १७,००,००० | ४,५००,००० | | ४,५००,००० |
| ६ | आवास व्यावसायिक कर्जा | ५०,०००,००० | ९९,००,००० | ५०,०००,००० | | ५०,०००,००० |
| ७ | आवास कर्जा | २००,०००,००० | ८९,१२,४०० | १००,०००,००० | ३७,४०,००० | १००,०००,००० |
| ८ | निक्षेप कर्जा | ३००,०००,००० | ३८,१६,६९,५६२.०५ | २००,०००,००० | ७,१५,११,१६७ | ३००,०००,००० |
| ९ | आवधिक धितो कर्जा | १५०,०००,००० | ८,४८,६९,५०० | १५०,०००,००० | १,४५,००,००० | १५०,०००,००० |
| १० | शैक्षिक | १००,०००,००० | २५,००,००० | ८०,०००,००० | | ५०,०००,००० |
| ११ | सवारी साधन | १००,०००,००० | | ७०,०००,००० | | ७०,०००,००० |
| १२ | सामुहिक सरल कर्जा | ३००,०००,००० | ५५,०१,००,८९०.३१ | ४००,०००,००० | ७,७१,६९,००० | ३००,०००,००० |
| १३ | विशिष्टीकृत संघ विशेष लगानी | | ० | | | |
| १४ | महिला उद्यमशिलता सहुलीयत कर्जा | १०,०००,००० | ० | १०,०००,००० | | १०,०००,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | युवा स्वरोजगार सहुलियत कर्जा | १०,०००,००० | ० | १०,०००,००० | | १०,०००,००० |
| १६ | कर्मचारी सापटी सहुलियत कर्जा | ५,०००,००० | ० | ५,०००,००० | | ५०,०००,००० |
| १७ | लाइन अफ क्रेडिट (व्यक्तिगत तथा व्यावसायिक) | २००,०००,००० | ४८,५०,२०,१८१.०७ | २००,०००,००० | २,७८,९१,०५९.११ | ० |
| १८ | कृषि व्यवसाय | ५०,०००,००० | १,१०,३८,००० | ५०,०००,००० | ५९,००,००० | ५०,०००,००० |
| | जम्मा | २,०३५,६००,००० | २,४२,८९,३२,९००.३५ | १,९८२,५००,००० | ४०,४४,९२,२२६.११ | १,९४७,५००,००० |

## छ) ऋण असुली कार्यक्रम:

| क्र.स. | उद्देश्य | आर्थिक वर्ष २०८१/८२ | | आर्थिक वर्ष २०८२/८३ | | आर्थिक वर्ष २०८३/८४ |
|---|---|---|---|---|---|---|
| | | अनुमानित | यथार्थ | अनुमानित | यथार्थ २०८२ असोज ३० | अनुमानित |
| १ | औषधिउपचार | २००,०००.०० | २,९५,००० | ११२,०००.०० | | ११२,०००.०० |
| २ | सेवा तथा हल्का सवारी | ३,५७३,८१०.१२ | ० | २,८०१,३३३.६७ | | २००००००.०० |
| ३ | आवधिक धितो कर्जा | ५०,०००,०००.०० | ८,४६,२८,८४०.२६ | २८,०००,०००.०० | ८२४४५९९.३३ | २०,०००,०००.०० |
| ४ | सामाजिक | ३०६,७८७,०४६.१० | २३,४९,१५,६४७.८७ | १७१,८००,७४५.८२ | ३८५३०२८९.८५ | १७५,०००,०००.०० |
| ५ | व्यवसायिक | ३७०,३५४,७३४.२४ | ६०,८०,२०,७२२.४० | २०७,२६१,६७०.२९ | ११८७६३७८२.३४ | २०,००,००,०००.०० |
| ६ | लघुउद्यम कर्जा | ६,६६१,२००.०० | २,६१,६७६ | १,६३०,२७२.०० | ६८४०४ | २०,००,०००.०० |
| ७ | आवास व्यावसायिक कर्जा | १५,०५०,०००.०० | १,९९,००,००० | ८,४२८,०००.०० | | १,००,००,०००.०० |
| ८ | आवास कर्जा | ३,२४३,२००.०० | १,१७,९०,३४५.५० | १,८१६,१९२.०० | ६१०६३६ | ५०,००,०००.०० |
| ९ | निक्षेप कर्जा | ३८५,११६,३५७.२७ | ३७,४९,१८,२२९.३३ | २१५,६६५,१६०.०७ | ६८९३०७१२.३७ | २१,००,००,०००.०० |
| १० | शैक्षिक | १,३६८,४९८.५१ | ४४,७६,०२८ | ७६६,३५९.१७ | ५०३६७४ | ५०,००,०००.०० |
| ११ | सामुहिक सरल कर्जा | ५०८,६२९,३१६.२० | ५७,४८,३९,१५६.६८ | २८४,८३२,४१७.०७ | ८०२५४५५८.८७ | २८,००,००,०००.०० |
| १२ | सवारी साधन कर्जा | | ६०९२४२.१८ | १,८४२,४९०.४४ | १५२८४५ | २०,००,०००.०० |
| १३ | कर्मचारी कर्जा | ५३०,५६८.०० | ६००५६४ | २९७,११८.०८ | १५०१४८ | १०,००,०००.०० |
| १४ | लाइन उफ क्रेडिट | ५२३,७७८,९१२.६४ | ७१६४६१६६३.१६ | २९०,०००,०००.०० | ७८३८०४४२.३३ | १६,००,००,०००.०० |
| १५ | कृषि व्यवसाय कर्जा | ५,२९५,८००.०० | ७७८४३४४.८४ | २,५६५,६४८.०० | १०७०१० | ३०,००,०००.०० |
| १६ | महिला उद्यमशिलता सहुलीयत कर्जा | ४००,०००.०० | | २००,०००.०० | | २००,०००.०० |
| १७ | युवा स्वरोजगार सहुलियत कर्जा | ४००,०००.०० | | २००,०००.०० | | २००,०००.०० |
| | जम्मा | २,१८१,३८९,४४३.०८ | २,६३,९५,०१,४६०.२२ | १,२१८,२१९,४०६.६१ | ३९,४६,९७,१०२.०९ | १,०७,५५,१२,०००.०० |

अन्त्यमा प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तयार गर्नका लागि सहयोग गर्नुहुने बजेट तथा योजना निर्माण उपसमितिका सदस्यहरू श्री भूमिलाल सापकोटा, श्री राजकुमार गिरी, सञ्चालक समितिका अध्यक्ष, सचिव र सदस्यज्युहरू, प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ व्यवस्थापक लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । यसैगरी यो निर्वाचनको वर्ष समेत भएकाले सक्षम नेतृत्व चयनका लागि तपाई सम्पूर्ण शेयर सदस्यहरूलाई समेत अनुरोध गर्दै स्वस्थ छलफल गरी यो प्रस्तावित नीति तथा कार्यक्रम र बजेट पारित गरिदिनुहुन समेत विनम्र अनुरोध गर्दै विदा हुन चाहन्छु ।

..............................
**पार्थमणि आचार्य**
**कोषाध्यक्ष**
**तथा**
**बजेट उपसमिति संयोजक**

## सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. को ३१ औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन :

यस संस्थाको गरिमामय ३१ औं वार्षिक साधारण सभाका श्रद्धेय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, संस्थाका सञ्चालक समिति पदाधिकारी तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिको जिम्मेवारीमा रहनुहुने सदस्यज्यूहरू, आदरणीय शेयर सदस्य महानुभावहरु, प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा यस साधारण सभाको पावन अवसरमा लेखा सुपरीवेक्षण समितिको तर्फवाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छौं ।

**आदरणीय, शेयर सदस्य महानुभावहरू,**

हामीलाई दिईएको जिम्मेवारी अनुसार हाम्रो बुद्धि र विवेकले भ्याएसम्म आ.व. २०८१/८२ र २०८२/८३ को प्रथम त्रैमासिकको अवधिभर भए गरेका सम्पूर्ण हरहिसाबको नियमित रुपमा निरीक्षण गर्दै आम्दानी, खर्चका विल भरपाई, भौचर, कर्जा लगानीका फाइलहरु, आय व्यय विवरण, वासलात, नगद ढुकुटीको भौतिक परिक्षण लगायत अन्य भौचरहरुको नमुना परीक्षण गर्ने कार्य गर्दै आइरहेको व्यहोरा यहाँहरुमाझ अवगत गराउन चाहन्छौं । निरीक्षणको क्रममा देखिएका कैफियतहरु तथा संस्थाका आन्तरिक लेखा परीक्षक एम.आर. पन्थी एण्ड एसोसियट्सका सि.ए. श्री मुकुलराज पन्थीबाट संस्थाको कारोवारको निरीक्षण गरी दिइएका कैफियत तथा सुझावहरुलाई समेत अध्ययन गरी सञ्चालक तथा व्यवस्थापन पक्षलाई सुधारात्मक काम कारवाहिका लागि सुझाव दिने गरीएको छ । व्यवस्थापन पक्ष एवं सञ्चालक समितिले समेत दिईएका सुझावहरुलाई कार्यान्वयन गराउने गरेको पाएका छौं । हामीले आवश्यक ठानेको वेला ऋणी सदस्यहरुसँग स्थलगत भेटघाट, सेवा केन्द्रहरुको निरीक्षण तथा अनुगमन तथा व्यवसाय तथा परियोजनाको निरीक्षण समेत गरेका छौं ।

निरीक्षणको क्रममा स्वीकृत नीति, विधि, कार्यविधि, तोकिएका मापदण्डको परिपालना तथा सहकारी ऐन तथा नियमावलीहरु परिपालना भए, नभएको समेत हेर्ने गरिएको छ ।

**आदरणीय, शेयर सदस्य महानुभावहरू,**

हामीले प्रचलित ऐन कानुनको अधिनमा रही तोकिए वमोजिमको ढाँचामा लेखा सुपरीवेक्षण प्रतिवेदन तयार गरी अनुमोदनको लागि साधारण सभामा पेश गरिएको छ ।

**१) अघिल्लो साधारण सभाको निर्णय र कार्यान्वयनको अवस्था:**

क) संस्थाले गत २८ औं वार्षिक साधारण सभाको निर्णयअनुसार आ.व. २०८०/८१ बाट लागु हुने गरी तयार गरीएको ४ वर्षे व्यावसायिक रणनीतिक योजना कार्यान्वयन प्रक्रिया अगाडि वढाएको छ । योजनालाई आवधिक रुपमा समिक्षा सहित संशोधन गर्ने गरेको छ ।

ख) साधारण सभाको निर्णयअनुसार संस्थाले ३ वटा सेवा केन्द्रबाट सेवा प्रवाह गरेको छ ।

ग) संस्थाले २८ औं वार्षिक साधारण सभावाट स्वीकृत आ.व. २०८०/८१ को वार्षिक योजना तथा गत ३० औं वार्षिक साधारण सभाबाट अनुमोदन सहित लुम्विनी विशिष्टीकृत सहकारी संघमा लगानी रु १ करोड ४९ हजार ७ सय पुगेको छ । उक्त संघबाट सञ्चालीत दुग्ध परियोजना अहिले सञ्चालन भई वजारमा विभिन्न प्रोडक्टहरु समेत ल्याईसकेको व्यहोरा अनुरोध गर्दछौं । उल्लेखित संघमा थप लगानी गर्नका लागि गत ३० औं वार्षिक साधारण सभाबाट स्वीकृत गरिएतापनि थप लगानी नगरेको व्यहोरा जानकारी गराउँदछौं ।

## २) आ.व. २०८१/८२ मा सञ्चालक समिति वैठक र निर्णयहरु तथा निर्णय कार्यान्वयनको अवस्थाः

क) सञ्चालक समितिको बैठक संख्याः १५ वटा

ख) संयुक्त बैठक संख्याः ४ वटा

ग) लेखा सुपरिवेक्षण समितिको वैठक संख्याः १२ वटा

घ) विस्तारित मञ्चः २ वटा

ङ) आवश्यकता अनुसार अन्य उपसमितिको बैठक समेत बस्ने गरेको पाइएको छ ।

समिति एवं उपसमितिका बैठकहरु तोकिएवमोजिम तथा नियमित रुपमा वस्ने गरेको र निर्णयहरु सर्वसम्मत रुपमा हुने गरेको पाएका छौं ।

## ३) ऋण लगानीको प्रकृया, सुरक्षण वा धितो सम्वन्धी व्यवस्थाः

क) संस्थाले विना धितो कर्जा प्रवाह गरेको छैन । बचत धितो कर्जामा नियमित बचतको ९० प्रतिशतसम्म कर्जा प्रवाह गर्ने गरेको छ ।

ख) अचल सम्पत्ति धितो राखी ऋण लगानी गर्दा ऋण नीतिको आधारमा रु १० लाखसम्मको लागि संस्थावाट र सो भन्दा माथिको लागि संस्थागत मूल्यांकनकर्ताबाट मूल्यांकन गराई ऋण लगानी गरेको छ ।

ग) संस्थाले धितोको मूल्यांकनको आधारमा मूल्यांकित रकम (Distress Value) को अधिकतम् ६० प्रतिशतसम्म कर्जा प्रवाह गर्ने गरेको छ ।

घ) ऋण स्वीकृति सम्वन्धी ऋण नीतिमा व्यवस्था गरिएअनुसार रु ३० लाख सम्मको ऋण लगानी आन्तरिक ऋण व्यवस्थापन कार्यदल, रु ३० लाख देखि १ करोड सम्म ऋण उपसमिति र सोभन्दा माथिको ऋण स्वीकृति सञ्चालक समितिबाट हुने गरेको पाईयो ।

ङ) ऋण स्वीकृति गर्दा पारिवारिक सिमालाई आधार मानी ऋण स्वीकृति गर्ने गरेको पाईयो । संस्थाले नीतिगत रुपमा एकाघर परिवारभित्रको ऋण सिमा रु २ करोड भएतापनि सञ्चालक समितिले निर्णय गरी एकाघर परिवारभित्र ऋणको अधिकतम सिमा रु १ करोड ५० लाख कायम गरेको छ ।

## ४) नेपाल राष्ट्र वैंक, सहकारी विभाग तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी मापदण्ड, निर्देशनहरु पालना सम्वन्धी विवरणः

संस्थाले नियामक निकायहरुवाट जारी मापदण्ड, निर्देशनहरु सञ्चालक समिति बैठकमा जानकारी गराई कार्ययोजना सहित कार्यान्वयन प्रक्रिया अगाडि वढाएको देखिन्छ । केहि निर्देशनहरु आगामी साधारण सभाबाट कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडि बढाउनुहुन समेत सुझाव छ ।

क) संस्थाबाट ऋण लिएको सदस्य सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुन नसक्ने व्यवस्था मिलाउनुहुन ।

ख) यस संस्थाको निर्वाचनमा उम्मेदवार हुने व्यक्ति बचत तथा ऋणको कारोवार गर्ने कुनै पनि सहकारी संस्थाको शेयर सदस्य नभएको हुनुपर्ने ।

ग) राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मिति २०८२ साल भाद्र १९ गतेको निर्देशन अनुसार साधारण सभामा यातायात खर्च वितरण नगर्ने गरी आवश्यक व्यवस्था मिलाउनुपर्ने ।

घ) साधारण सभा बैठक सञ्चालन गर्दा प्रमुख अतिथि तथा अतिथिहरु आमन्त्रण नगरी सिधै प्रस्तावउपर छलफल गर्ने गरी प्रकृया अगाडि बढाउने ।

ङ) नेफ्स्कुन, प्रोस्कुन, जिल्ला सहकारी संघ र रुस्कुन आदि संघहरुमा रहेको बचत तथा शेयर फिर्ता लिने गरी आवश्यक प्रकृया अगाडि वढाउने ।

च) राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरे अनुसार तोकिएको समयावधिभित्र अभिलेखीकरण दर्ता प्रक्रिया अगाडि वढाउने ।

## ५) सहकारी कार्यालय, विभाग वा सम्वन्धित संघले अनुगमन गरी दिईएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्वन्धी विवरणहरुः

संस्थाले नियामक निकाय तथा सम्वन्धित संघहरुले अनुगमन गरी दिएका सुझाव तथा निर्देशनहरु पालना गर्ने गरेको छ ।

## ६) पदाधिकारीहरुको पारिश्रमिक, भत्ता तथा अन्य सुविधाः

संस्थाका पदाधिकारीहरु ३० औं वार्षिक साधारण सभाले निर्णय गरे अनुसारको सेवा सुविधा उपलव्ध गराएको छ ।

## ७) कर्मचारी प्रशासन नियमावली सम्वन्धी व्यवस्थाः

- साधारण सभावाट स्वीकृत कर्मचारी प्रशासन नियमावली भएको ।
- कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याईएको ।
- भर्ना प्रकृया पारदर्शी र प्रतिस्पर्धी भएको ।
- कार्यरत कर्मचारी र कार्यवोझविच तादम्यता : भएको ।
- प्रत्येक कर्मचारीहरुलाई लक्ष्य सहितको कार्यविवरण उपलव्ध गराईएको र कम्तिमा प्रत्येक २ वर्षमा १ पटक कार्यविवरण सहित विभाग सरुवाको व्यवस्था गरेको ।
- कार्यकारी प्रमूखको योग्यता एम.ए. (अर्थशास्त्र) रहेको र निजको अनुभव तथा तालिमको आधारमा वित्तिय सक्षमता तथा प्रशासनिक दक्षता भएको देखिन्छ । यसका साथै नेफ्स्कुनबाट नेपालकै उत्कृष्ट सि.ई.ओ. को रुपमा समेत पुरस्कृत भई संस्थाको समेत गौरव वढाउनुभएको व्यहोरा यहाँहरुमाझ शेयर गर्न चाहन्छु ।
- कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्याः
    - करारः ९ जना
    - स्थायीः १८ जना
    - तेस्रो पक्ष आपुर्तिः २ जना

## ८) लेखा सुपरिवेक्षण समितिले यस अघि दिईएका प्रतिवेदन वमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्थाः

लेखा सुपरिवेक्षण समितिले दिएका अधिकांश सुझावहरु कार्यान्वयन भएको पाईएको छ ।

- संस्थामा रहेका सामग्रीहरु मध्ये काम नलाग्ने प्रकृतिका सामानहरु सम्पत्ति विवरणवाट हटाई लेखांकन गर्न सुझाव दिएकोमा केहि सामग्रीहरु काम नलाग्ने प्रकृतिको भएको हुँदा सम्पत्ति विवरण अद्यावधिक गरी हटाउनुहुन सुझाव छ ।
- बदलिंदो परिस्थितिको सामना गर्न तरलता प्रतिशत वृद्धि गर्ने सुझाव दिईएकोमा सोहि अनुसार तरलता व्यवस्थापन भएको पाईयो ।
- संस्थाले ऋण व्यवस्थापनका लागि ऋण व्यवस्थापन प्रणाली सफ्टवेयर जडान गर्नका लागि सुझाव दिएकोमा उक्त सफ्टवेयर जडान गरी सोही प्रणालीबाट ऋणका कागजात तयार गरी व्यवस्थापन गर्नु सकारात्मक रहेको छ ।

९) **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा :** सहकारी विभागले सहकारी संस्थाहरुलाई सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धमा जारी निर्देशनको अधिनमा रही देहायवमोजिम कार्य गरेको पाईएको छ ।

- कार्यान्वयन अधिकारीको नियुक्तिः संस्थाले नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी ईकाईमा नियमित रुपमा रिपोर्टिङ्ग गर्नका लागि कार्यान्वयन अधिकारीको नियुक्ति गरेको छ ।
- सफ्टवेयर प्रणालीको विकासः संस्थाले सम्पत्ति शुद्धिकरण सम्वन्धी रिपोर्टिङ्गका लागि छुट्टै सफ्टवेयर प्रणालीको विकास गरी सोही सफ्टवेयरबाट पाक्षिक रुपमा TTR एवं STR को सम्वन्धि प्रतिवेदन GoAML मार्फत कार्यान्वयन अधिकारीबाट नियमित रिपोर्टिङ्ग गर्ने गरेको पाईयो ।
- के.वाई.एम. अद्यावधिकः संस्थाले जोखिम पहिचान सहित आफ्ना सदस्यहरुमध्ये हालसम्म जम्मा ९०७५ जना सदस्यहरुको के.वाई.एम. अद्यावधिक भएको छ । अन्य सदस्यहरुलाई पनि फोनमार्फत सम्पर्क गर्दै अभियानको रुपमा अद्यावधिक गर्ने कार्य सूचारु भइरहेको पाईयो ।
- अनिवार्य स्रोतको पहिचानः कुनै पनि सदस्यले आफुले जम्मा गर्न ल्याउने रु १ लाख भन्दा माथिको नगद तथा चेक रकमको स्रोत पहिचान नगरी जम्मा नगर्ने गरी सफ्टवेयरमा व्यवस्थापन मिलाई सोहि अनुसार कार्यान्वयन गरेको पाईयो ।
- चौमासिक प्रतिवेदनः सम्पत्ति शुद्धिकरण सम्वन्धमा सहकारी संघ संस्थालाई जारी निर्देशनको आधारमा चौमासिक प्रतिवेदन समेत पठाउने गरेको पाईयो ।
- जोखिम व्यवस्थापन तथा सम्पत्ति शुद्धिकरण सम्वन्धमा सम्वन्धित कर्मचारीहरुलाई तालिम, नीति तथा कार्यविधिमा समयानुकुल संशोधन गर्नुपर्ने देखिएको हुँदा यस सम्वन्धमा आवश्यक कार्य गर्नुहुन सुझाव छ ।

१०) लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेको अन्य विवरणहरुः

क) सुचना अधिकारीको नियुक्ति सम्वन्धमाः संस्थाले सुचना अधिकारीको रुपमा अधिकृत स्तरको कर्मचारी नियुक्ति दिई जिम्मेवारी दिएको देखिन्छ ।

ख) गत आ.व. २०८०/८१ मा भाखा नाघेको कर्जा २.८२ प्रतिशत रहेकोमा आ.व. २०८१/८२ मा २.४१ प्रतिशत भएको पाईयो ।

ग) संस्थाले ऋण असुली अन्तर्गत कानुनी प्रकृया अवलम्वन गरी धितो लिलाम विक्रि नभई संस्था आफैले सकार गर्दा गैर वैंकिङ्ग सम्पत्ति वृद्धि भएको हुँदा उल्लेखित धितो कानुन अनुसार यथाशीघ्र बिक्री वितरण प्रकृया अगाडि वढाउनुपर्ने देखिन्छ ।

घ) प्रतिकुल परिस्थितिमा समेत संस्थाको समग्र वित्तिय अवस्था अध्ययन गर्दा सवल अवस्थामा नै रहेको छ ।

११) संस्थाका केही तुलनात्मक वित्तीय झलकहरु एवं लेखा सुपरीवेक्षण समितिको धारणाः

**वित्तीय स्थितिहरु : भाखा नाघेको ऋणको वर्गीकरण**

| क्र.सं. | आ.व. | ल.र.र.ऋण | भा.ना.कर्जा प्रतिशतमा | ० देखि १ वर्षसम्म | १ वर्षदेखि माथि | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ०७७/०७८ | २,०४,१३,४४,८७८।१२ | ०.४८ | १९,३०,०००।०० | ७९,५०,०००।०० | ९८,८०,०००।०० |
| २ | ०७८/०७९ | २,५२,६१,५०,६७७।६८ | ०.९७ | १,४२,८७,३११।५६ | १,०३,३७,५००।०० | २,४६,२४,८११।५६ |
| ३ | ०७९/०८० | २,५३,२०,७८,९७९।०७ | ०.९९ | १,९५,२७,०००। | ५६,५०,९५५।०८ | २,५१,७७,९५५।०८ |
| ४ | ०८०/०८१ | २,७६,९६,७०,५८२।३१ | २.८२ | ६,४०,२९,४९९।४२ | १,३९,८७,५००।०० | ७८,०१,६९,९९।४२ |
| ५ | ०८१/०८२ | २,५५,६४,१६,९५९।२३ | २.४१ | ५,८४,३१,६४४।४१ | ३१,१९,०००।०० | ६,१५,५०,६४४।४१ |

**पाउनुपर्ने व्याज तथा हर्जाना :**

| विवरण/आ.व | २०८१/०८२ | २०८०/०८१ | ०७९/०८० | ०७८/०७९ | ०७७/०७८ |
|---|---|---|---|---|---|
| व्याज मुल्तवी | १,२६,९२,६४५।५५ | २,७८,९५,६१२।६९ | १,४६,२४,३००।३६ | ६०,७५,२१९।२० | ३८,६५,१८७४९ |

क) औसत कोष लागत (बचतमा तिरेको व्याज) (cost of fund) गत वर्ष ८.१६ प्रतिशत रहेकोमा यस आर्थिक वर्षमा ६.०२ प्रतिशत रहेको पाईयो, जुन गत आ.व.को तुलनामा २.१४ प्रतिशतले कमी भएको देखिन्छ ।

ख) प्रतिफल दर (Rate of Return) गत आ.व.मा ११.९१ प्रतिशत रहेकोमा यस आ.व. मा ११.०६ प्रतिशत रहेको छ । जुन गत आ.व.को तुलनामा ०.८५ प्रतिशतले कमी भएको देखिन्छ ।

ग) गत आ.व.मा फरकता दर (स्प्रेड रेट) ३.७५ प्रतिशत रहेकोमा यस आ.व.मा ५.०४ प्रतिशत रहेको देखिन्छ ।

घ) संस्थाका पर्ल्स सूचकांक अनुसार संस्थाको वित्तिय अवस्था सवल अवस्थामा रहेको छ । हरेक सञ्चालक समिति बैठकमा पर्ल्सका वित्तीय सूचकांकहरुको वारेमा छलफल गर्ने गरेको देखिन्छ ।

ङ) वर्तमान प्रतिकूल अवस्थामा समेत संस्थाको कुल सम्पत्ति वृद्धिदर र संस्थाको शेयर सदस्यता वृद्धिदर सन्तोषजनक देखिएको छ ।

च) संस्थाले समयमा ऋण नतिर्ने ऋणीहरुलाई ऋण असुलीका लागि कानुनी प्रक्रिया अवलम्वन गर्दै केहि ऋणीहरुको धितो लिलाम सकार गरेको छ भने केहि ऋणीहरुको धितो लिलाम विक्रि प्रकृया अगाडि वढाएको देखिन्छ ।

## ११) लेखा समितिका सुझावहरू:

क) समिति, उपसमितिहरु तथा कर्मचारीहरुलाई आवश्यक पर्ने ऐन, नियम, विनियम, नियमावलीको वारेमा तालिम दिई दक्ष जनशक्ति निर्माण गर्नका लागि आवश्यक कार्य गर्नुहुन सुझाव छ ।

ख) विभिन्न सहकारी संस्थाहरुको असल अभ्यासहरुको सिकाईका लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाउँदा फलदायी हुने देखिन्छ ।

ग) भाखा नाघेको कर्जालाई प्रभावकारी असुली कार्यक्रम मार्फत असुल गरी शुन्य दरमा झार्ने व्यवस्था मिलाउनुहुन सुझाव छ ।

घ) ऋण स्वीकृर्ति पूर्व ऋणीको तिर्न सक्ने क्षमता र ५ सि. विश्लेषण एवं वैधानिक आयस्रोतको भए ६० प्रतिशतसम्म तथा स्वघोषित आयस्रोत भए ५० प्रतिशतमात्र संस्थाको सावाँ व्याज मिलान गर्न सक्ने अवस्था अनुमान गरी ऋण लगानीको व्यवस्था मिलाउनुहुन सुझाव छ ।

ङ) हाल सदस्य सुचकांक स्तर गणना अनुसार पुँजीगत संरचना अत्यन्त राम्रो भएतापनि सञ्चालकीय सक्रियता र संरक्षकिय सम्वर्धन सुचक हेर्दा न्युन भएको हुँदा सो वृद्धि गर्नका लागि संस्थाबाट सञ्चालन गरिने विस्तारीत मञ्च लगायतका कार्यक्रम र सानो प्रकृतिका ऋण प्रवाहलाई प्राथमिकता दिई संस्थाको ऋणी संख्या वृद्धि गर्नुहुन सुझाव छ ।

च) सवै संस्थागत कारोवारहरुको सुचना अनिवार्य रुपमा मोवाइलमा सुचीत गर्न सवै सदस्यहरुको एस.एम.एस अलर्ट सुविधा उपलव्ध गराउने गरी मोवाईल वैंकिङ्ग सेवा व्यवस्थित गर्नुहुन सुझाव दिएकोमा नगद कारोवारको सूचना प्राप्त भएको तर सिस्टम अनुसार कट्टी गरेको रकमको अलर्ट सुविधा हालसम्म नभएको हुँदा सिस्टमअनुसार कट्टी गरेको ऋणको कारोवार समेत अलर्टको सुविधा उपलव्ध गराउनुहुन सुझाव छ ।

छ) संस्थाको बढ्दो कारोवारलाई मध्यनजर गर्दै गत आर्थिक वर्षमा सिस्टम अडिट गर्नका लागि बजेटको व्यवस्था भएतापनि हालसम्म सिस्टम अडिट नभएको हुँदा चालु आ.व.मा अनिवार्य रुपमा सिस्टम अडिटको व्यवस्था मिलाउनुहुन सुझाव छ ।

ज) नेपाल सरकारले बचत तथा ऋण अनुगमनका लागि राष्ट्रिय नियमन प्राधिकरण गठन गरिसकेको हुँदा नियामक निकायले जारी गरेका निर्देशनहरु पूर्ण परिपालना गर्दै सहकारीमा सुशासन तथा पारदर्शिता कायम गर्दै अगाडि बढ्नुहुनका लागि सुझाव छ ।

झ) सवै व्यावसायिक कर्जा लगानी गर्दा आवश्यक सम्पूर्ण कागजातहरु ऋण फाइलमा संलग्न गर्ने तथा व्यावसायिक ऋणहरुको अनिवार्य रुपमा ऋण सदुपयोगीताको अनुगमन गर्दै अनुगमन प्रतिवेदन प्रत्येक फाईलमा राख्ने व्यवस्था मिलाउनुहुन सुझाव छ ।

ञ) संस्थाले वार्षिक रुपमा परिणाममुखी रुपमा देखिने गरी सामुदायिक सेवाका कार्यक्रमहरु सञ्चालन गर्नुहुन सुझाव छ ।

ट) संस्थाको दीर्घकालीन ४ वर्षे रणनीतिक व्यावसायिक योजनाअनुसार वार्षिक योजना तयार गर्ने र योजना अनुसार कार्य सम्पादन गर्दै आएकोमा निरन्तरता दिनुहुन सुझाव छ ।

ठ) ऋणको जोखिम कम गर्नका लागि ऋण विमा कार्यक्रम लागू गर्नुहुन सुझाव छ ।

ड) संस्थाको गैर वैंकिङ्ग सम्पत्तिमा कमी ल्याउन कार्ययोजना तयार गरी कायान्वयन गर्नुहुन सुझाव छ ।

ढ) संस्थामा भएका विनियम, नीति, कार्यविधिहरु प्रचलित ऐन कानुन तथा नियामक निकायले दिएका निर्देशनको अधिनमा रही समयानुकुल संशोधन गर्नुहुन सुझाव छ ।

ण) प्रभु रेमिट अन्तर्गतको प्रभु म्यानेजमेन्टबाट रेमिटान्स वापतको रकम रु ३९,५५,९७९।०० हालसम्म प्राप्त हुन नसकेको हुँदा यथासक्य छिटो कानुनी प्रकृया अवलम्वन गरी असुल गर्नुहुन सुझाव छ ।

त) हाल सञ्चालनमा आएका सेवा केन्द्रहरुको मूल्यांकन गरी आवश्यकता र औचित्यताका आधारमा निरन्तरता दिने । स्थानान्तरण गर्ने विषयमा गम्भिर भई निर्णय लिनुहुन सुझाव छ ।

थ) वर्तमान परिप्रेच्छमा ऐनले तोकेका विभिन्न नियामक निकायहरुको निर्देशन तथा मापदण्डहरुको परिपालना गर्नुपर्ने भएको हुनाले संस्थाले कुशल कम्प्लायन्स अफिसरको व्यवस्था गरी निजलाई आवश्यक तालिम तथा लिखित जिम्मेवारी दिनुहुन सुझाव छ ।

अन्त्यमा आन्तरिक लेखा परीक्षणको क्रममा सहयोग पुऱ्याउनुभएकोमा सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ व्यवस्थापक लगायत सम्पूर्ण कर्मचारी वर्ग तथा हामीहरुलाई जिम्मेवारी दिई संस्थाको वृहत्तर हितका निम्ति काम गर्ने मौका दिनुभएकोमा सम्पूर्ण शेयर सदस्यहरुप्रति हार्दिक आभार प्रकट गर्दछौं साथै यस वर्ष अधिवेसन समेत भएकाले योग्य अनुभवी र संस्थाको वृहत्तर हित र उन्नतिमा योगदान पुऱ्याउने व्यक्तिहरुको चयन हुनेछ भन्ने विश्वास राख्दै विदा हुन चाहन्छौं ।

| | | |
|---|---|---|
| ........................... | ........................... | ........................... |
| **शारदा भण्डारी** | **राधाकृष्ण पराजुली** | **रघुनाथ शर्मा ढकाल** |
| **सदस्य** | **सदस्य** | **संयोजक** |

COP Nepal : 609
ICN Member :747
C. P. Associates
Chartered Accountants
Mob. 9851196147
071-549491
Sifal, Kathmandu, Nepal
Email:cachhabiPokhrel@gmail.com

## श्री सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि ,

शंकरनगर, रुपन्देही

सदस्य महानुभावहरू समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**श्री सदस्य महानुभावहरू,**

१. हामीले श्री सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड ,शंकरनगर,रुपन्देहीको यसै साथ संलग्न ३२ असाढ २०८२ को वासलात, सोही मितिमा समाप्त आर्थिक बर्षको नाफानोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा लेखा नीतिहरूको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेको ती वित्तीय विवरणहरु उपर लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामीले लेखापरीक्षण गर्दा लेखाको सर्वमान्य सिद्धान्त, नेपाल लेखामान तथा प्रचलित ऐनको आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौं । प्रस्तुत वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप तयार भएको छ । वित्तीय विवरण सारभूत रुपमा गलत आंकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मानअनुसार योजना तयार गरि तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ। वित्तिय विवरणहरुमा उल्लेखित रकम र खुलाइएका विवरणहरुलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणसमेत लेखापरक्षिणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेका लेखा सिद्धान्त, व्यवस्थापन गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्त अनुसार वित्तीय विवरणहरुको परिक्षण गरी देहाय बमोजिम प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सुचना एवं स्पष्टीकरणको साथै माग गरेका विवरणहरु यथासीघ्र तथा सन्तोषजनक रुपमा प्राप्त भएका छन ।

ख) यस प्रतिवेदनसँग सम्बन्धित वासलात, सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा लेखा नीतिहरु नेपाल लेखामान, सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवं प्रचलित कानुन बमोजिम ठिकसँग राखिएका छन् ।

ग) वासलात, सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान हिसाब, नगदप्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा लेखा नितिहरु एवं तत्सम्बन्धि अनुसूचिहरुमा संस्थाले राखेका लेखासँग दुरुस्त रहेका छन ।

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परीक्षण गरेका श्रेष्ताहरुबाट सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, संस्था, निक्षेपकर्ता तथा सदस्यहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाइएन ।

४. हाम्रो राय तथा हामीलाई प्राप्त सुचना तथा दिइएका स्पष्टीकरण अनुसार वित्तिय विवरणहरुले २०८२ अषाढ ३२ गतेको वित्तिय स्थिति, सोही मितिमा समाप्त भएको आर्थिक बर्षको सञ्चालन नतिजा, इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र नगदप्रवाह स्थितिको उचित एवं यथार्थ चित्रण गरेको छ ।

५. नेपाल सरकार, सहकारी तथा गरिवी निवारण मन्त्रालय विभागद्वारा लेखापरीक्षकहरुलाई जारी गरिएको सूचना बमोजिम लेखापरीक्षकले लेखापरीक्षण गर्दा तयार पानुपर्ने छुट्टै पेश गरिएको छ ।

अन्तमा लेखापरीक्षण कार्यमा सहयोग गर्नु हुने कर्मचारी, लेखासमिति, अध्यक्ष लगायत सबैलाई धन्यबाद दिदै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

UDIN: 240923CA00747PHtjE

**सि.ए. छविलाल पोखेल**
सि.पि एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति : २०८२।०७।१२

# लामो फारम लेखापरीक्षण प्रतिवेदनको ढाँचा

(दफा १४ संग सम्बन्धित)

## श्री सामूहिक विकास वचत तथा ऋण सहकारी संस्था लि., को

**लामो फारम लेखापरीक्षण प्रतिवेदनको ढाँचा**

**आर्थिक बर्ष : २०८१।२०८२**

## १. लेखापरीक्षण टोली

प्रमुख तथा सदस्यहरू

| नाम | पद |
|---|---|
| सि.ए छबिलाल पोखेल | प्रमुख |
| सुरज अर्याल | सदस्य |

**फर्मका साथै प्रमुख तथा सदस्यहरुको स्वतन्त्रताको स्व घोषणा:** हामीले लेखापरीक्षण गर्दा यस संस्थासँग हाम्रो फर्मका साथै प्रमुख तथा सदस्यहरु स्वतन्त्रता रहेको स्व घोषणा गर्दछौ ।

## २. लेखापरीक्षण पद्दाच:

